मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ७९ ★ ने. सं. ११४६ चौला गा, दशमी ★ आइतबार ★ २९ चैत, २०८२ ★ April 12, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## "नयाँ सरकारसँग शिक्षा क्षेत्रमा निजीकरणतर्फ धकेलिने खतरा रहेको छ"




भक्तपुर, २८ चैत । भक्तपुर नगरपालिका-२, यालाछेँस्थित शारदा माध्यमिक विद्यालयको आयोजनामा नयाँ शैक्षिक सत्रको सँघारमा विद्यालयसँग सम्बन्धित सरोकारवालाहरूको शनिबार बृहत् भेटघाट कार्यक्रम भयो ।

कार्यक्रममा विद्यालयको शैक्षिक अवस्था, भौतिक पूर्वाधार विकास, विद्यार्थीको अवस्था तथा राष्ट्रिय शिक्षा नीतिसम्मका विषयमा व्यापक छलफल गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले सरकार मनोगतरूपमा सञ्चालन र जनताको हितभन्दा बाह्य शक्तिको प्रभावमा काम भइरहेको आरोप छ भन्नुभयो ।

उहाँले विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्कजस्ता संस्थालाई अमेरिकी प्रभावका साधनका रूपमा व्याख्या गर्दै शिक्षा क्षेत्र निजीकरणतर्फ धकेलिने खतरा रहेको छ भन्नुभयो ।

"विदेशका लागि सस्तो श्रमशक्ति उत्पादन गर्ने नीति लागू हुँदै छ," उहाँले थप्नुभयो ।

अध्यक्ष बिजुक्छेँले समाजवादी विचारलाई कमजोर बनाउने उद्देश्यले शिक्षा प्रणालीमै हस्तक्षेप भइरहेको उल्लेख गर्दै शिक्षालाई ध्वस्त बनाई देशलाई परनिर्भर बनाउने प्रयास भइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिलेको शिक्षा प्रणालीले क्षमताभन्दा प्रमाणपत्र मात्रै हेर्छ । नयाँ पुस्तालाई जिम्मेवार र व्यवहारिक बनाउन शिक्षामा सुधार आवश्यक छ ।"

विश्व राजनीतिक सन्दर्भ जोड्दै उहाँले एसियालाई सम्भावित द्वन्द्वको केन्द्र बनाउने दुस्प्रयास भइरहेको दाबी गर्दै इराक, लिबिया, प्यालेस्टिन र गाजाजस्ता उदाहरण प्रस्तुत गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले असन्तुलित विकास र तीव्र बसाइँसराइका कारण ग्रामीण क्षेत्रका विद्यालयहरू खाली हुँदै गएको बताउनुभयो ।

उहाँले शिक्षा, उद्योग र रोजगारीलाई एकीकृत रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले शिक्षा क्षेत्रमा अस्थिरता सिर्जना गर्ने प्रयास भइरहेको आरोप लगाउँदै चैत १५ देखि वैशाख १५ सम्म अघोषित शैक्षिक हडतालजस्तो अवस्था देखिएको धारणा राख्नुभयो ।

उहाँले आत्मनिर्भर र व्यवहारिक शिक्षामा जोड दिनुपर्ने उल्लेख गर्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले विद्यालय मर्ज नीति गलत भएको भन्दै सामुदायिक विद्यालय जोगाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नगरपालिकाले सम्पदा संरक्षणसँगै शिक्षा सुधारका लागि काम गरिरहेको बताउँदै स्थानीय पहिचान र सीपसँग जोडिएको शिक्षाको आवश्यकतामाथि जोड दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य हिमालयश्वरलाल मूलले विद्यार्थीकेन्द्रित र प्रयोगात्मक शिक्षण पद्धतिमा विद्यालय अघि बढिरहेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक रोशनराज तुईतुईले २०७२ सालको भूकम्पले क्षति पुगेको विद्यालय भवनलाई मौलिक शैलीमा पुनर्निर्माण गरी आधुनिक सुविधासहित तयार गरिएको रनयाँ शैक्षिक सत्रदेखि विद्यालयको नयाँ भवन उद्घाटन गरिने जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दामोदर सुवालले पुनर्निर्माणपछि विद्यालयमा नयाँ उत्साह थपिएको उल्लेख गर्दै दीर्घकालीन विकासका लागि सबै पक्षको सहयोग आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा शिक्षक विनयकिरण कोजुले पनि बोल्नुभएको थियो ।

## देशमा उपद्रव गर्नेहरू नयाँ हुन नसक्ने




भक्तपुर, २८ चैत । ऐतिहासिक बिस्का: जात्रा एवम् नव वर्ष २०८३ को अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर नगर समितिले शनिबार 'शुभकामना आदानप्रदान तथा नयाँ पुस्तासँग भलाकुसारी' कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "युवाको अर्थ उमेर र विचार दुवै हो । समाजमा उपद्रव गर्नेहरू उमेरले युवा भए पनि विचारले युवा हुनसक्दैन । युवा उमेरभन्दा बढी भए पनि नयाँ विचार भएकाहरू महत्त्वपूर्ण नै हुन् ।"

"नेपाल र भारतबिचको सीमा सन् १९५० को सन्धिपछि खुला गरिएको हो । नेपाललाई भारतको सुरक्षा छातामा राख्ने उक्त सन्धि खारेज गर्नुपर्छ । नेपाल-भारतबिचको खुला सीमाले दुवै देशलाई बेफाइदा भएको हुँदा नेपाल-भारत खुला सीमा नियमन गर्नु जरूरी छ" सचिव सुवालले भन्नुभयो ।

उहाँले स्पष्ट पार्नुभयो, "एमाले र माओवादीको समर्थनमा दुई पल्ट गृहमन्त्री र उपप्रधानमन्त्री खाएकै हो । यसकारण, रास्वपा पुराना शासक दलहरूजस्तै हो, नयाँ होइन ।"

उहाँले नयाँ सरकार गठनको १२ दिनमा ४० अर्ब १६ करोड विदेशी ऋण लिएर दुई पटक इन्धनको मूल्यवृद्धि भएको उल्लेख गर्दै विदेशी ऋणले देशलाई नवउपनिवेश बनाउनेतर्फ नयाँ पुस्ता सजग हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले समाजमा हत्या, हिंसा, आगजनी, तोडफोडका घटना वृद्धि भइरहेको उल्लेख गर्दै यस्ता घटनालाई न्यूनीकरण गर्न नयाँ पुस्ता सजग भई अगाडि बढ्नुपर्ने बताउनुभयो ।

बाँकी पृष्ठ ८ मा

## सहकारी ठगहरूलाई कडा कारबाही गर्नुपर्ने




भक्तपुर, २८ चैत । सहकारी समाज नेपालको आयोजनामा बिस्का जात्रा र नयाँ वर्ष २०८३ को शुभकामना कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रमका भक्तपुर नगरपालिकामा प्रमुख सुनिल प्रजापतिले सहकारीको रकम सहकारी सिद्धान्तविपरीत सञ्चालकहरूले निजी सम्पत्तिको रूपमा प्रयोग गर्दा केही सहकारीमा समस्या देखिएको हो भन्नुभयो ।

शासक दलका नेताहरूको संरक्षणमा रहेका व्यक्तिहरूले कानुनविपरीत कार्य गर्दा पनि कुनै कारबाही नगरिएको हुँदा सहकारी ठगहरूको मनोबल बढेको हो, सहकारीको पैसा हिनामिना गर्ने जो सुकै भए पनि कानुनबमोजिम कडा कारबाही गर्नुपर्छ भन्नुभयो ।

उहाँले सरकारले विश्व बैङ्क, एसियाली विकास बैङ्क वा अन्तर्राष्ट्रिय मुद्राकोषसँग ऋण लिनुभन्दा सहकारीको बैङ्कमा रहेको खर्बौं रुपैयाँ परिचालन गरेको भए देशको निम्ति फाइदा हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिले सरकारको अर्थतन्त्र ध्वस्त हुँदै छ । ऋण नलिई चालु पुँजी पनि नपुग्ने अवस्था छ । २९ खर्ब ऋण पुग्दा समेत सरकारले फेरि २८ अर्ब ऋण लिँदै छ । यो राम्रो सङ्केत होइन ।"

कृष्णगोविन्द लाखाजुको सभापतित्वमा भएको कार्यक्रममा राधेश्याम सुवालले सहकारी समाज नेपालको विधान तयारीबारे हालसम्म भएको कार्य विवरण प्रस्तुत गर्नुभएको थियो ।

## मौलिक संस्कृति र सभ्यता जोगाउँदै अघि बढ्नुपर्नेमा जोड




भक्तपुर, २८ चैत । नेपाल मजदुर किसान पार्टी भनपा ४ वडा एकाइ समितिको आयोजनामा शनिबार बिस्का: जात्रा तथा नव वर्ष २०८३ को अवसरमा स्थानीय दुमलाचा टोलमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले आफ्नो मौलिक संस्कृति र सभ्यता जोगाउँदै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले विदेश गएका कुनै पनि नेपाली सधैं सम्मानित भएर जीवनयापन गर्ने अवस्था नहुने भएकोले आफ्नो देशको स्वाधीनता रक्षा गर्दै स्वदेशमै रोजगारीको बन्दोबस्त गरी देशलाई आत्मनिर्भर बनाउनुपर्ने बताउनुभयो । देश विकासको लागि अरबौं रुपैयाँ विदेशी ऋण लिने प्रवृत्तिले देशको अस्तित्व नै खतरा पर्ने सम्भावना भएको उल्लेख गर्दै उहाँले जेनजी आन्दोलनको नाममा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले भूमिका खेलेकै कारण सिंहदरबारलगायतको देशको सम्पत्ति खरानी भएको हो भन्नुभयो । उहाँले दुईतिहाइको वर्तमान सरकारले सो विध्वंस मच्चाउने तत्त्वलाई पत्ता लगाउन नसक्नु अपराधलाई छोपेर अपराधीलाई प्रोत्साहन दिनुसरह हो भन्नुभयो ।

अमेरिकी सरकारले इरानमा गरेको युद्धको कारण विदेशमा रहेको नेपालीको ज्यान जोखिममा परेकोले सरकारले युद्धको विरोध नगरी समर्थन गरेको देशको लागि दुर्भाग्य हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "देशको अर्थतन्त्र डामाडोल भएको अवस्थामा सरकारी कार्यालय तथा अन्य शिक्षण संस्थामा दुई दिन बिदा दिनु देशको हितविपरीत छ ।"

नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि गंगाराम ज्याखवले कामदारवर्गको हितको लागि भनपाले गरेको योगदानको कारण शिक्षा र स्वास्थ्य

बाँकी पृष्ठ २ मा



**मङ्ग हिटी**
ललितपुरको पाटनमा रहेको ऐतिहासिक ढुङ्गेधारा (मङ्ग हिटी) । त्यस धारामा मूलको पानी आइरहेको हुन्छ । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# टोल सुधार संस्थाको कार्य सराहनीय

भक्तपुर, २८ चैत । सूर्यविनायक बलाँक्व टोल सुधार संस्थाको नवौँ वार्षिक साधारणसभा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशका सदस्य सृजना सैंजूले सरकारले मात्र गरिदिन्छ भनेर नबसिकन सामाजिक भावना लिएर पुस्तान्तरण कार्य गर्दै आएको टोल सुधार संस्थाको कार्य सराहनीय छ भन्नुभयो ।

उहाँले आयल निगमसँग जगेडा तेल भण्डार गर्ने क्षमता नभएको र नराखेकोले अभाव हुँदा हाम्रो जीवन कष्टकर हुने स्थिति हुँदा छिमेकी देशहरूसँग कूटनीतिक सम्बन्ध राम्रो र सन्तुलन बनाउँदै एमसीसी र एसपीपीजस्ता देशघाती सम्झौताहरूबारे छलफल हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

प्रहरी निरीक्षक कञ्चन राजथलाले समाजमा हुने विकृति, अपराधहरू नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न समाज र टोलवासीहरूको सहयोगको अपेक्षा गर्दै टोल सुधारसँग समन्वय गरी कार्य गर्न पाउँदा खुसी व्यक्त गर्नुभयो ।

सूर्यविनायक वडा नं ८ का वडाध्यक्ष पुष्पराज बस्नेतले टोलमा सबै मानिसहरू राम्रोमात्र नहुने नकारात्मक सोच राख्नेहरू पनि भएकोले युवा पुस्तालाई सामाजिक कार्यमा लगाई सचेत गर्नुपर्ने उल्लेख गर्दै विकसित देशहरूभन्दा नेपालको समाज उत्कृष्ट छ भन्नुभयो ।

सूर्यविनायक वडा नं ६ का वडाध्यक्ष ईश्वर खड्काले टोलको समस्या छलफल र सहलहबाट समाधान हुने विचार व्यक्त गर्दै टोल संस्थालाई आवश्यक स्रोतसाधन सहयोग गर्न तत्परता रहेको बताउनुभयो ।

टोल सुधार संस्थाका अध्यक्ष लक्ष्मीसुन्दर शिल्पकारको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सचिव रमेश त्वीत्वीले वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष लक्ष्मीप्रसाद त्वानाबासुले वार्षिक आयव्यय विवरण प्रस्तुत गर्नुभयो भने निवर्तमान अध्यक्ष पृथ्वकुमार प्रजापतिले संस्थाको गतिविधि, उपाध्यक्ष गौतम सुजखु र सदस्य संगिता कायष्ठले पनि बोल्नुभएको थियो ।

# भनपा १ मा आँखा जाँच, सुगर र प्रेसर परीक्षण तथा स्लो साइकल रेस प्रतियोगिता सम्पन्न

भक्तपुर, २८ चैत । भक्तपुर नगरपालिका १ नं. वडा कार्यालयको आयोजनामा आँखा जाँच, सुगर र प्रेसर परीक्षण स्वास्थ्य शिविर तथा १ वडा खेलकुद समितिको आयोजनामा स्लो साइकल रेस प्रतियोगिता शनिबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले भक्तपुरको प्रसिद्ध बिस्का जात्रा सफलतापूर्वक सम्पन्न गर्न नगरवासीहरूको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो । जात्राको महत्त्वबारे चर्चा गर्दै उहाँले परम्परादेखि चल्दै आएको बिस्का जात्रा संरक्षण तथा संर्वद्धन गरी सम्पदा संरक्षण र सांस्कृतिक पर्वहरू जगेर्ना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले वायु प्रदूषणका कारण विभिन्न रोगहरूको सङ्क्रमण हुने तथा श्वासप्रश्वासमा समस्या आउने भएकोले नगरपालिकाले छाती पुन:स्थापना केन्द्र सञ्चालन गरी नगरवासीहरूको सेवा गर्दै आएको जानकारी दिनुभयो ।




भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई मध्य नजर गरी विभिन्न समयमा विभिन्न रोगहरूको नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको उहाँले चर्चा गर्नुभयो । वडा खेलकुद समितिले स्थानीय क्लव, टीम, पुस्तकालय, सङ्घ संस्थालाई परिचालन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विचार व्यक्त गर्दै उहाँले खेलकुदले अनुशासन, मित्रता र सद्भाव कायम गर्न सहयोग गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका १ नं. का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भनपाले स्वास्थ्य, शिक्षा, सम्पदा संरक्षण, सरसफाइलगायत खेलकुद क्षेत्रमा विशेष ध्यानमा राख्दै कार्य गर्दै आएको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले गर्दै आएका विभिन्न गतिविधिहरू सफलतापूर्वक सम्पन्न गर्न अग्रजहरूको पनि उत्तिकै भूमिका रहेको उल्लेख गर्दै संस्कृति जगेर्ना गर्ने उद्देश्यले धेरै वर्षदेखि सञ्चालनमा नआएको श्रीपञ्चमीको दिनमा हुने सिलथानेगु पर्व इनग: सरस्वती मन्दिरदेखि भार्वाचो गणेश मन्दिरसम्म पुन:सञ्चालनमा ल्याउन आवश्यक पहल भइरहेको जानकारी दिनुभयो ।

स्लो साइकल रेस प्रतियोगिताले युवा विद्यार्थीहरूलाई खेलकुद क्षेत्रमा एउटा नयाँ आयाम थपेको र आउने दिनहरूमा स्थानीय टीम, क्लव, पुस्तकालय, विभिन्न सङ्घ संस्थाहरूलाई सहभागी गराई विभिन्न खेलकुद प्रतियोगितालाई निरन्तरता दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले प्रसिद्ध बिस्का जात्राको अवसरमा वैशाख ३ गते सञ्चालन हुने च्वङा गणेशको जात्रा सफलतापूर्वक सम्पन्न गर्न वडाका दाफा भजन, ढलिचा भजन, विभिन्न भजन समूह, सङ्घ संस्था, बाजा समूहलगायत वडावासीहरूलाई आग्रह गर्नुभयो ।

स्लो साइकल रेस प्रतियोगितामा ६२ जना सहभागी भएका प्रतियोगीहरूमा ब्वाइजतर्फ ९ वर्षदेखि १६ वर्षसम्मका मध्ये प्रथम हुने समर देसेमरुले ३.२३.३३ समय, दोस्रो हुने रसल खत्रीले १.०३.७१ समय र तेस्रो हुने विपिन सकिजुले ०.३८.९९ समय, त्यस्तै ब्वाइजतर्फ नै १६ वर्षमाथिका प्रथम हुने सुसन किलम्बुले ०.३१.४२ समय, दोस्रो हुने निल्सन कोजुले ०.२३.८९ समय र तेस्रो हुने अनुभव पञ्चले ०.२०.६६ समय लगाउनुभयो ।

गर्ल्सतर्फ ९ वर्षदेखि १६ वर्षसम्ममा निरु खत्री (०.२.८२ समय) प्रथम र गर्ल्सतर्फकै १६ वर्षमाथिका प्रथम हुने निरिस्ता खत्रीले ०.३३.४३ समयमा पूरा गर्नुभएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुन सफल प्रतियोगीहरूलाई वडाध्यक्ष खत्रीले मेडल तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

कार्यक्रममा वडा सदस्य गंगालक्ष्मी वमनु, सूर्यप्रसाद श्रेष्ठ र खेलकुद समितिका अध्यक्ष लुनिस सुवालले पनि बोल्नुभएको थियो ।

# बाराही साकोसमा हस्तलेखन तालिम सम्पन्न




भक्तपुर, २८ चैत । बाराही बचत तथा ऋण सहकारी संस्था लि.को महिला उपसमितिको आयोजनामा हस्तलेखन तालिम (Handwriting Training) शनिबार सम्पन्न भयो । संस्थाका सदस्यहरू तथा सदस्यका परिवारमा सुन्दर, स्पष्ट तथा प्रभावकारी लेखन सीप विकास गर्ने उद्देश्यले सो आयोजना गरिएको हो ।

संस्थाका उपाध्यक्ष बलराम प्रजापतिले तालिमको महत्त्वमाथि प्रकाश पार्दै सीपमूलक कार्यक्रमले व्यक्तित्व विकासका साथै दैनिक जीवन र पेसागत कार्यसम्पादनमा सकारात्मक प्रभाव पार्ने बताउनुभयो । उहाँले लेखनशैलीमा सकारात्मक प्रभाव पार्न यस्ता तालिमको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमहरू निरन्तर सञ्चालन गर्न सुझाव दिनुभयो ।

प्रशिक्षक सुरज दिदियाले राम्रो हस्तलेखन सौन्दर्य मात्र नभई प्रभावकारी सञ्चारको माध्यम भएको बताउँदै नियमित अभ्यास, सही अक्षर संरचना र धैर्यतापूर्वक लेख्ने बानीले लेखाइमा सुधार ल्याउन सकिने उल्लेख गर्नुभयो । उहाँले डिजिटल युगमा पनि हस्तलेखनको महत्त्वको चर्चा गर्दै अझ व्यवस्थित र स्पष्ट लेखन आवश्यक रहेकोमा जोड दिनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले सहकारी संस्थाले आर्थिक क्रियाकलापमा मात्र सीमित नभई सदस्यहरूको समग्र विकासका लागि विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उहाँले हस्तलेखनजस्तो आधारभूत तर महत्त्वपूर्ण सीपले विद्यार्थी, कर्मचारी तथा व्यवसायी सबैलाई लाभ पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

तालिम अवधिभर सहभागीहरूलाई अक्षरको बनावट, लेखाइको गति, सफाइ तथा आकर्षक प्रस्तुतीकरणका विविध पक्षहरूबारे व्यवहारिक अभ्याससहित प्रशिक्षण प्रदान गरिएको थियो ।

समापन कार्यक्रममा बलराम प्रजापतिले प्रशिक्षक र प्रशिक्षार्थीहरूलाई कदर-पत्र र प्रमाण-पत्रसमेत प्रदान गर्नुभएको थियो । कार्यक्रममा प्रशिक्षार्थी सेन हाकुदुवाल, ओर्जन कुसीले आ-आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो ।

समापन कार्यक्रमका सभापति एवं आयोजक उपसमितिका संयोजक चञ्चल कर्माचार्यले सम्पूर्ण सहभागी, प्रशिक्षक तथा सहयोगीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो ।

# चौबिस घण्टाभित्र सबै विमानस्थलमा स्तनपानकक्ष व्यवस्था गर्न निर्देशन

काठमाडौँ, २८ चैत । सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित देशभरका विमानस्थलमा २४ घण्टाभित्र स्तनपान तथा शिशु हेरचाहकक्ष स्थापना गर्न निर्देशन दिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विमानस्थलको सरसफाइ सुरक्षित एवं गोपनीयता सुनिश्चित भएको स्तनपान एवं शिशु हेरचाहकक्ष सञ्चालन आवश्यकताअनुसार स्तरोन्नति, बिरामी तथा विशेष आवश्यकता भएका यात्रुका लागि प्राथमिक हेरचाहकक्ष सञ्चालन गर्न पनि निर्देशन दिएको छ ।

विमानस्थलको सरसफाइ अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाउन, दैनिक सरसफाइ ‘लगबुक’ प्रणाली कायम गर्न, विश्व स्वास्थ्य सङ्गठन र अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनले तोकेका स्वास्थ्य मापदण्ड पालना गर्न निर्देशन दिइएको छ । शौचालयमा महिला यात्रीका लागि नि:शुल्क ‘स्यानिटरी प्याड’ व्यवस्था गर्न पनि निर्देशन दिइएको छ ।

मन्त्रालयले दिएका निर्देशन कार्यान्वयन गरी मन्त्रालयमा सूचना प्रवाह गर्न निर्देशन दिइएको छ । आम नागरिक तथा यात्रीलाई पनि सरकारका तीन निर्देशन कार्यान्वयन भएनभएको जानकारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सूचना अधिकारीलाई दिन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले जारी गर्नुभएको निर्देशनमा जनाइएको छ । ***रासस***

# एक हजार सात सय बढी कारबाहीमा

काठमाडौँ, २८ चैत । बितेका चौबिस घण्टामा सवारी नियम पालना नगर्ने एक हजार ७१९ जना चालक ट्राफिक कारबाहीमा परेका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेर सवारी चलाएका ११३ जना, यान्त्रिक अवस्था ठीक नभएका ३५, सङ्केट बत्ती उल्लङ्घनकर्ता १०२, तीव्र गतिमा सवारी हुइँक्याउने ९३, लेन अनुशासन पालना नगर्ने १७९ र सार्वजनिक यातायातका साधन असुरक्षित ढङ्गले सञ्चालन गर्ने ३८ सवारीसाधनका चालकलाई कारबाही गरिएको हो ।

यसैगरी, अनावश्यक रूपमा हर्न बजाउने ४६ जना, निर्धारित स्थानमा यात्री चढाउने र ओराल्ने २० जना र अन्य सवारी नियम उल्लङ्घन गर्ने एक हजार ९३ जनालाई कारबाही गरिएको छ । ट्राफिक कारबाहीबाट रु. ११ लाख ८४ हजार ५०० राजस्व राज्यकोषमा दाखिला भएको उक्त कार्यालयले जनाएको छ । ***रासस***

**मौलिक...**

क्षेत्रमा निम्न वर्गीय जनताले सस्तो शुल्कमा उच्च शिक्षा र स्वास्थ्य सेवा हासिल गर्न सकेको हो भन्नुभयो । सरकारले राजनैतिक पार्टीको जनवर्गीय सङ्गठन हटाउने नीतिसँग नेमकिपा असहमत रहेको उहाँले बताउनुभयो ।

भनपा ४ वडाका वडाध्यक्ष उपेन्द्र सुवालले वडा समितिले गर्दै आइरहेको विभिन्न गतिविधिबारे जानकारी दिँदै भक्तपुरको आठ दिन नौ रातसम्म चल्ने भक्तपुरको टोलटोलमा भएको जात्राहरूको व्यवस्थापन गर्न युवा पुस्ताको सक्रियता आवश्यक छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष पशुपति प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कृष्णलक्ष्मी दुवाल र राजेन्द्र माकले पनि बोल्नुभएको थियो ।

# नेमकिपा रामेछापद्वारा मतदाताहरूमा धन्यवादज्ञापन



भक्तपुर, २८ चैत । नेपाल मजदुर किसान पार्टी काठमाडौँ रामेछाप सम्पर्क समितिका सभापति धनबहादुर श्रेष्ठको सभापतित्वमा फागुन २१ गते सम्पन्न निर्वाचनमा नेपाल मजदुर किसान पार्टीको चुनाव चिह्न मादलमा मतदान गर्नुहुने सम्पूर्ण मतदातालाई धन्यवाद ज्ञापन र नयाँ वर्ष २०८३ को शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजुले चुनाव प्रचारप्रसारमा भएको कमीकमजोरीलाई आगामी निर्वाचनमा स्वर्णिम हतियारमा परिणत गर्नुपर्ने र कार्यकर्तालाई पार्टीको उद्देश्य, सिद्धान्तलाई व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिनुभयो । कार्यकर्ताहरूलाई थप अध्ययनशील, अनुशासित र व्यवहारिक बन्न उहाँले प्रेरित गर्नुभयो ।

राजु श्रेष्ठले नेपाल मजदुर किसान पार्टीको उद्देश्य र सिद्धान्तलाई जनतामाझ पुऱ्याउन आफू सदैव तयार हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

धनबहादुर श्रेष्ठले जनताका प्रतिनिधिहरूले जनताको निःस्वार्थ सेवा गर्नुपर्ने र सेवा प्रवाहलाई सहज, प्रभावकारी बनाउनुपर्ने विषयमा बोल्नुभएको थियो ।

कार्यक्रममा राम श्रेष्ठले पनि आफ्नो भनाइ राख्नुभयो ।

# खनिजजन्य उद्योगबाट उठ्यो दुई अर्ब १४ करोड राजस्व

काठमाडौँ, २८ चैत । खनिजजन्य उद्योगबाट रु. दुई अर्ब १४ करोड राजस्व असुली भएको छ । यो रकम गत आर्थिक वर्ष र चालु आवको प्रथम आठ महिनाको हो ।

खानी तथा भूगर्भ विभागका अनुसार चुनढुङ्गा, रातोमाटो, धातु, पत्थरलगायतका खनिजजन्य वस्तुको उत्खनन अनुमति तथा अनुमतिपत्र नवीकरणबाट उक्त रकम सङ्कलन भएको हो ।

गत आवमा विभागले चुनढुङ्गा, टुर्मालिन, टल्क, क्वार्ज, काइनाइट, मार्बल, फलाम, जिङ्क, क्वार्जजाइट, म्याग्नेसाइट, डोलोमाइट, तामा उत्खननको अनुमति दिएको थियो । **रासस**

# वैदेशिक रोजगारीमा जानेले विमानस्थलमा रसिद पेस गर्नु नपर्ने

काठमाडौँ, २८ चैत । अध्यागमन विभागले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले श्रम स्वीकृति पत्रबाहेक भुक्तानी गरिएका कुनै पनि रसिद विमानस्थलमा पेस गर्नु नपर्ने स्पष्ट गरेको छ ।

वैदेशिक रोजगार विभागबाट यही चैत २३ गते प्रकाशित सूचनाले वैदेशिक रोजगारीमा जाने श्रमिकमा अन्योल बढाएको भन्दै अध्यागमनले उक्त जानकारी दिएको हो ।

वैदेशिक रोजगार विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयबाट प्रस्थान गर्दा नेपाली श्रमिकले रसिदलगायत कागजात पेस गर्नुपर्ने जनाएको थियो ।

"वैदेशिक रोजगार विभागबाट जारी भएको श्रम स्वीकृति र राहदानीलगायतका न्यूनतम आधारभूत कागजातबाहेक नेपाली श्रमिकहरूले नेपालबाहिर प्रस्थान गर्दा अध्यागमन कार्यालयमा थप कुनै पनि कागजात तथा बिल/रसिद पेस गर्न नपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ," अध्यागमन विभागद्वारा जारी सूचनामा भनिएको छ ।

विभागले विदेश यात्रा गर्ने नेपाली नागरिक कुनै पनि किसिमको भ्रममा नपरी गन्तव्य मुलुक र यात्राको बारेमा पूर्ण रूपमा सुसूचित भई निर्धक्क यात्रा गर्न अनुरोध गरेको छ ।

'भिजिट भिसा' मा नेपालबाट प्रस्थान गर्ने नेपाली नागरिकले कम्तीमा छ महिना म्याद भएको राहदानी, गन्तव्य मुलुकसम्मको हवाई टिकट र सम्बन्धित मुलुक प्रवेशको अनुमति (भिसा) भएमा स्वघोषणासहित विदेश जान पाउने व्यवस्था यसअघिदेखि नै कार्यान्वयनमा रहेको विभागले जनाएको छ । **रासस**

# पाँच शय्याको आधारभूत अस्पताल सञ्चालन

खजुरा (बाँके), २८ चैत । डुडुवा गाउँपालिकामा पाँच शय्याको आधारभूत अस्पताल सञ्चालन भएको छ । डुडुवा गाउँपालिका-२ बेतहनी स्वास्थ्य केन्द्रमा निर्मित भवनबाट सेवा सञ्चालन भएको हो ।

मेडिकल अधिकृत डा. रामगोपाल तिवारी नेतृत्वको १८ सदस्यीय टोलीले चौबिसै घण्टा सेवा सुरु गरेको हो । अस्पतालमा आधुनिक प्रयोगशाला, औषधि बिक्री कक्ष, एक्स-रे, भिडियो एक्स-रेलगायत सेवा उपलब्ध छ ।

सरकारले निर्धारण गरेको मापदण्डअनुसार विपन्न, गरिब, असहाय र ज्येष्ठ नागरिकलाई निःशुल्क उपचार तथा औषधि वितरण र अन्यलाई सहुलियतमा उपचार सेवा उपलब्ध गराइने डा. तिवारीले बताउनुभयो । डुडुवा गाउँपालिकाले विगतमा झैँ यस वर्ष पनि घरमा स्वास्थ्य सेवा अभियान सञ्चालन गर्दै आएको जनाएको छ । **रासस**



**गहुँ खेतमा नीलगाईको हुल**

सर्लाहीको बसबरिया गाउँपालिकाअन्तर्गत पर्ने धनगढा र गोडैता नगरपालिकाको सिसौटियाको बीचमा रहेको गहुँ खेतमा गहुँबाली खान आएको नीलगाईको हुल । नीलगाईको हुल आएर भित्र्याउने बेला भएको गहुँबाली खाएपछि किसान चिन्तित भएका छन् । *तस्बिर: विश्वनाथ ठाकुर/रासस*

# टोखामा बिस्केट जात्रा अगामी वैशाख १ देखि ४ गतेसम्म मनाइने

काठमाडौँ, २८ चैत । ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्त्व बोकेको टोखामा बिस्का नखः (जात्रा) चार दिन मनाइने भएको छ ।

टोखा बिस्केट जात्रा मूल व्यवस्थापन समितिले आज पत्रकार सम्मेलन गरी नेवार समुदायको बाहुल्य रहेको टोखामा अगामी वैशाख १ गतेदेखि ४ गतेसम्म बिस्केट जात्रा मनाउन लागिएको जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा समितिका सहसंयोजक गणेशमान श्रेष्ठले जात्रालाई व्यवस्थित र मर्यादित बनाउनका लागि शान्तिसुरक्षा, स्वयम्सेवक व्यवस्थापन, पार्किङ व्यवस्थापन, यातायात व्यवस्थापन, बाजागाजा व्यवस्थापन, रथजात्रा व्यवस्थापनका लागि विभिन्न उपसमिति गठन गरिएको जानकारी दिनुभयो ।

चैत मसान्तबाटै सुरु हुने बिस्का जात्रा मुख्यतः चार दिने मनाइने गरिन्छ । भक्तजन मसान्तको बिहान शिवपुरीस्थित बागद्वार स्नान गर्न जान्छन् । बागद्वारबाट सोही दिन राति चण्डेश्वरी हुँदै सपनतीर्थ मन्दिरमा आउने प्रचलन रहेको छ ।

सपनतीर्थ मन्दिर परिसरमा गौमुखी र बहुमुखी खोला थुनेर निर्माण गरिएको सिद्धपोखरीमा भक्तजनले नयाँ वर्ष सुरु हुँदै गर्दा वैशाख १ गते एकाबिहानै नुहाउने गर्दछन् । मसान्तको दिन साँझ सपनविनायकको रथ, चण्डेश्वरीको रथ र मसानकालीको रथ 'जाली चो' का रूपमा बाजागाजासहित जात्रा गरी इन्द्रायणी दाफा खलःले मूल नाइके बहाल गरी रथ आ-आफ्नो मन्दिरमा लैजान्छन् ।

नयाँ वर्षकै दिन साँझ ६ बजे आ-आफ्नो मन्दिरबाट गाउँमा रथ ल्याउने र गाउँ परिक्रमा गरी सपनविनायकको रथ यलागः टोलमा, चण्डेश्वरीको रथ थलागः टोलमा र मसानकालीको रथ भूतखेलमा बिसाइने गरिएको छ ।

वैशाख २ गते बिहान तीन बजे रथ गाउँ परिक्रमा गरेर मसानकालीको रथ भूतखेलको पाटीमा बिसाएपछि बली पूजा लिई कोठु गणेश र मसानकाली दुवै रथ एकैसाथ ल्याएर ११ बजे थलागः टोलमा लस्करै बिसाइन्छ ।

सोही दिन अपराह्न ३ बजे जीवित गणेश कुमारीको आगमन गराई तलेजुबाट सरकारी पूजा ल्याई सिन्दूरजात्रा गरी उठाइन्छ । सोही दिन साँझ गाउँ परिक्रमा गरी साँझ ७ बजे सबै रथ तपलाक्षीःमा बिसाइन्छ । सोही रात भक्तजन रथको अगाडि भजनकीर्तन गरी जाग्राम बस्ने चलन रहेको छ ।

आगमी वैशाख ३ गते बिहान ७ बजे तपलाक्षीःबाट सिन्दूरजात्रा गरी देवता उठाएर गाउँ परिक्रमा गर्न लैजाने गर्दछन् । सोही दिन बिहान ११ बजे हासल टोलमा सबै रथ बिसाइन्छ । सोही दिन अपराह्न ३ बजे तलेजु गुठीबाट जीवित गणेश कुमारीसहित पूजा ल्याएर सिन्दूरजात्रा गरी सरस्वती र महादेवको रथबाहेक अन्य रथ पोखरीमा चोब्याउनका लागि लगिन्छ । मसानकालीको मन्दिर र गाउँको परिक्रमा गरी कोनेलाक्षीःमा बिसाइन्छ । सोही रात पनि भक्तजन रथको अगाडि भजनकीर्तन गरी जाग्राम बस्ने चलन रहेको छ ।

जात्राको अन्तिम दिन वैशाख ४ गते बिहान ६:३० बजे सिन्दूरजात्रा गरी सारा बाजागाजासहित गाउँ परिक्रमा गर्न लगिन्छ र बिहान ११ बजेतिर गच्छे टोलमा बिसाइन्छ । सोही दिन अपराह्न ३ बजे तलेजु गुठीबाट जीवित गणेश कुमारीसहित पूजा ल्याएर सिन्दूरजात्रा गरी सबै रथ कपडा बिच्छ्याइ गाउँ परिक्रममा गरी आ-आफ्नो देवी घरघरमा भित्र्याइन्छ । त्यसबाट जात्रा समापन हुन्छ । वैशाख ५ गते बिहान ६:३० लिङ्गो ढाली जात्रा विर्सजन हुन्छ ।

सो अवसरमा टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले टोखाभित्रका ऐतिहासिक पर्वलाई नगरपालिकाले उच्च प्राथमिकता दिएको बताउनुभयो । उहाँले टोखाको जात्रा व्यवस्थापनका लागि नगरपालिकाले बजेट विनियोजन गरेको उल्लेख गर्नुभयो ।

टोखाले जात्राका अवसरमा एकदिन टोखा नगरपालिकाभर र दुई दिन जात्रा लाग्ने वडा नं २ र ३ मा विदा दिने गरेको छ ।

# अस्पताल सेवा सुधार कार्यविधि जारी

काठमाडौँ, २८ चैत । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'अस्पताल सेवा सुधार कार्यविधि २०८२' जारी गरेको छ ।

अस्पतालको सेवालाई जनमैत्री, पहुँचयोग्य प्रभावकारी बनाउन कार्यविधि जारी गरिएको हो । मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारीका अनुसार स्वास्थ्य मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ अनुरूप कार्यविधि जारी गरेको हो ।

कार्यविधिअनुसार अस्पतालले प्रत्येक नागरिकलाई गुणस्तरीय सेवा सहज रूपमा उपलब्ध गराउनुपर्ने छ । बिरामीको उपचार अभिलेख र 'फलोअप' व्यवस्थित गर्न एकीकृत विद्युतीय अभिलेख प्रणालीको विकास, प्रयोगशाला प्रतिवेदन २४ सै घण्टा उपलब्ध गराउने, अस्पतालको फार्मेसीमा पाइने औषधि मात्र चिकित्सकले सिफारिस गर्नुपर्ने छ ।

यसैगरी, बिरामीलाई 'रिफर' गर्नुपर्ने भएमा 'रिफर स्लिप' सहित सरकारी अस्पतालमा पठाउनुपर्ने, अस्पतालमा दैनिक आवश्यक पर्ने औषधि फार्मेसीमा मौज्दात हुनुपर्ने, कार्यालय समयभित्र र सेवा प्रवाहका बेला औषधि बिक्री प्रवर्द्धक (एमआर) लाई प्रवेश दिन पाइने छैन । **रासस**

# नइबाट प्राध्यापक सम्मेलनको आरम्भ




काठमाडौँ, २८ चैत । विगत दस वर्षदेखिको प्रतीक्षारत 'नेपाल-भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' शुक्रबारदेखि काठमाडौँमा प्रारम्भ भएको छ ।

सम्मेलनमा प्रमुख अतिथि एवम् महासमालोचक प्रा.डा. वासुदेव त्रिपाठीले नेपाल तथा भारतका २७ जना प्राज्ञलाई सम्मेलनको प्रतीक चिन्ह र सम्मेलनबारेका कृतिहरू प्रदान गरेर तीनदिने सम्मेलनको शुभारम्भ गर्नुभयो । २०३१ सालमा प्रा.डा. वासुदेव त्रिपाठीले नेपाली भाषासाहित्यमा सर्वप्रथम विद्यावारिधि गर्नुभएको थियो । उहाँकै प्राज्ञिक नेतृत्वमा यो सम्मेलन हुँदै छ ।

यस सम्मेलनमा नेपाल तथा भारतका विश्वविद्यालयबाट नेपाली भाषासाहित्यमा विद्यावारिधि गरेका प्राध्यापकहरूको सहभागिता रहेको छ ।

नेपाली भाषासाहित्यको विकास र विस्तारबारे अध्ययन हुन बाँकी पक्षहरूका साथै उच्च शिक्षाका कतिपय अनिर्णित रहेका सवालहरूको परिपूर्तिका निम्ति नइले 'नेपाल-भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' को आयोजना गर्नुपरेको कुलपति इन्दिरा प्रसाईले जनाउनुभयो ।

सम्मेलनमा उच्च शिक्षामा नेपाली भाषासाहित्यको अध्ययन तथा अनुसन्धान गरिने भारतका तेह्रवटा विश्वविद्यालय र नेपालका छवटा विश्वविद्यालयका दस्तावेज प्रस्तुत गरिने छन् ।

सम्मेलनको पहिलो दिन सहभागी प्राज्ञहरूले आ-आफ्ना विश्वविद्यालयबारे चर्चा गर्नुभयो ।

नइ एकेडेमीका कुलपति इन्दिरा प्रसाईको सभापतित्वमा सञ्चालित त्रिदिवसीय सम्मेलनको प्रथम दिनको समारोहमा समालोचक प्रा.डा. वासुदेव त्रिपाठी, प्रा.डा. चुडामणि बन्धु, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. दिवाकर प्रधान, प्रा.डा. कविता लामा, सल्लाहकार प्रा.केशव सुवेदी, सम्मेलनका संयोजक प्रा.डा. महादेव अवस्थी, सदस्यसचिव नरेन्द्रराज प्रसाईलगायत नेपाल तथा भारतका विश्वविद्यालयबाट नेपाली भाषासाहित्यमा विद्यावारिधि गर्ने पच्चीस जना प्रतिनिधि प्राज्ञहरूले आ-आफ्नो मन्तव्य प्रकट गर्नुभएको थियो ।

। सम्पादकीय ।

# हरेक नागरिकले सुरक्षितका साथ जीवन बिताउन पाउनुपर्छ

हरेक नागरिकले सुरक्षितका साथ जीवन बिताउन पाउनुपर्छ । शान्ति सुरक्षा दिनु राज्यको दायित्व हो । सरकारले देशमा सुशासनको सन्देश बाँडिरहेको बेला वीभत्स हत्याका घटना भइरहेको छ । पाटन दरबार क्षेत्रस्थित ऐतिहासिक कृष्ण मन्दिर परिसरमा बुधबार साँझ दुई दाजुभाइको ज्यान जाने गरी भयावह घटना भयो । सञ्जीव नेपालीसमेतले झापा घर भई हाल ललितपुरको इमाडोल बस्दै आएका सुमित नेम्वाङ र सिर्जन नेम्वाङलाई चक्कु प्रहार गरी हत्या गरेको प्रहरीको भनाइ रहेको छ । सानो विवादको कारण दुई दाजुभाइको हत्या गर्नुपर्ने स्थिति थिएन । तर, हत्या भयो । यस हत्याकाण्डले उपत्यकामा सनसनी छायो । यसबारे विभिन्न पत्रिकाहरूमा लेखियो, 'अपरिचित व्यक्तिसँग फोनमा भएको सामान्य विवादले लियो दुई युवाको ज्यान', 'मन्दिरको काखमा क्रूर हत्या; एक गलत नम्बरले निम्त्याएको विनास', 'आशङ्का छ, कल डिटेल्स हेरेर अनुसन्धान होस्' । घटनाको कारण जे भए पनि यो दुःखद घटना हो । यो घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कडा कारबाही गर्नुपर्ने माग स्थानीय जनताको रहेको छ । यो घटनाले देशमा शान्ति सुरक्षाको अनुभूति नभएको सन्देश गएको छ । यस्तै कुटपिटका घटना देशको विभिन्न ठाउँमा भइरहेको छ । शनिबार जडीबुटीमा कुटपिट भयो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साह नियुक्ति भएको १४ दिनमै पदमुक्त भए । १० वर्षअघि एमबीबीएस परीक्षा उत्तीर्ण गराइदिने बहानामा रकम ठगी गरेको आरोपमा उनी पक्राउ परेका थिए । मन्त्री भएपछि सो पुरानो फौजदारी घटनाको विवरण सामाजिक सञ्जालमा भाइरल भएको थियो । मन्त्री नियुक्ति भएलगत्तै सञ्चारकर्मीले उनीमाथि ठगी गरेको कुरा प्रश्न गरेपछि उनले ठगी गरेको भए के मन्त्री हुन पाउँथे भनी जवाफ दिएका थिए । एकातिर उनीमाथि ठगीको आरोप लगाइयो भने अर्कोतिर मन्त्री पदको दुरुपयोग गरी आफ्नै श्रीमती जुनु श्रेष्ठलाई बीमा बोर्डको सदस्यमा नियुक्ति गर्दा अर्को विवादको विषय बन्यो । सरकारले कालो दाग भएका व्यक्तिलाई किन मन्त्री बनायो र जनताले त्यस्ता व्यक्तिलाई किन जिताए भन्ने प्रश्न उठेको छ । यो घटनाले रास्वपाको छविमा दाग लागेको अनुभव जनताले गरेका छन् ।

श्रीमान् वैदेशिक रोजगारीमा रहेका महिलाहरू परिवार र समाजबाटै हिंसा झेलिरहेको खबर पनि प्रकाशमा आयो । श्रीमान् वैदेशिक रोजगारीमा रहेका महिलाहरू घरभित्रै शङ्का, सामाजिक लाञ्छना र यौनजन्य हिंसाका सिकार मात्र हुने गरेका छैनन्, कतिपयले ज्यानसमेत गुमाएको खबर पनि सञ्चारमाध्यममा आयो । वैदेशिक रोजगारीसँग जोडिएका यस्ता घटनाको विवरणले महिलाहरू सुरक्षित नभएको आभास हुन्छ । समाज र घर परिवारबाट हुने यस्ता हिंसाका घटनालाई निराकरण गर्न या कहीं कतै हिंसात्मक घटना नदोहोऱ्याउनेतर्फ सरकार गम्भीर हुनुपर्छ । यस्तो घटना सर्लाही, सप्तरी, धनुषा, तेह्रथुम, मुगुलगायत देशको विभिन्न स्थानमा भएको पाइन्छ ।

स्वदेशमै रोजगारीको व्यवस्था भएको भए यस्ता महिला हिंसाका घटना हुँदैनथ्यो । देशमै रोजगारीको व्यवस्था गर्न सरकार लाग्नुपर्छ । उद्योग तथा कलकारखाना खोलेर रोजगारी दिने र जनताका आधारभूत आवश्यकता पूर्ति गर्नेतर्फ सरकार लाग्नुपर्छ । आफ्नै देशमा रोजगारीको व्यवस्था नगर्दा युवाहरू विदेसिन बाध्य भए । युवाहरू विदेशमा जान बाध्य भएकै कारण हिंसा र दुर्व्यवहारसम्बन्धी घटनाहरू भए । यस्ता घटना हुन नदिन सरकारले जन जागरण अभियान छेड्नुपर्छ; स्वदेशमै रोजीरोटीको व्यवस्था गर्नुपर्छ । सरकार सुशासन, रोजगारी र समृद्धिमा केन्द्रित नहुँदा समस्या घट्नुको सट्टा बढ्यो । संविधानको मर्म, भावना र जनताको चाहनाबमोजिम काम नहुँदा समस्या बढ्दै गयो । लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भहरू व्यवहारमा आएनन् या संस्थागत भएनन् । श्रमको सम्मान गर्ने संस्कृतिका विकास भएन । युवा तथा शिक्षित बेरोजगारमा देखिएको निराशालाई तोड्न सकिएन । निराश जनशक्तिबाट मुलुकको प्रगति सम्भव छैन । अतः सरकार आर्थिक समृद्धिको साझा लक्ष्य हासिल गर्न लाग्नुपर्छ ।

# के अमेरिकाले अर्को युद्ध हारेको हो ?

डा. हार्लन उलम्यान

'आज राति सम्पूर्ण सभ्यता नष्ट हुनेछ' भन्ने धम्की दिएको भोलिपल्ट अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफ्नो अडानबाट पछि हट्नुपऱ्यो । लगत्तै उनले आफ्नो धम्की पूरा गर्न दुई साता ढिलाइ गर्ने घोषणा गर्नुपऱ्यो । यस गतिरोधको समयमा इजरायलसँगै अमेरिका र इरान शान्ति वार्ता गर्ने प्रयास गर्दै छन् । विडम्बनाको कुरा अमेरिकाले अत्यधिक सैन्य हमला गरे पनि इरानले हर्मुजको जलमार्गलाई नियन्त्रण गरेर रणनीतिक कार्ड उपयोग गरेको छ, त्यसले पेट्रोल र डिजेल इन्धनको मूल्य र विश्वव्यापी सेयर बजारको अवस्थामा ठूलो प्रभाव कायम राखेको छ ।

अहिलेको गतिमा इरान युद्धले अमेरिकाले लडेका युद्धमा जित्न वा सफल नतिजा प्राप्त गर्न विगतका असफलता दोहोऱ्याउनेछ । सन् १९६० र १९७० को दशकको सुरुवातमा भियतनाम युद्ध अमेरिकी सेनाले सधैँ जित्ने युद्धभूमिमा हारेको थिएन, बरु अमेरिकी टेलिभिजन र भोजनकक्षमा हारेको थियो, जहाँ द्वन्द्वबारे भनिएका झुटहरूको एकपछि अर्को शृङ्खला र ५८ हजार अमेरिकी सेनाको शवको झोलाले अन्ततः आफ्नो क्षति पुऱ्यायो ।

अफगानिस्तानमा पनि अमेरिकाको सैन्य श्रेष्ठता थियो, तर त्यो 'जित्न' पर्याप्त थिएन । अर्बौं डलर चुसेको दुई दशकको असफल 'राष्ट्र निर्माण' अभियानले अमेरिकी समर्थक कमजोर संस्थाहरू गठन गऱ्यो, जसले तालिवानको दृढ संकल्पलाई टिकाउन सकेन । सन् २००३ को आक्रमणपछि इराकमा सद्दाम हुसेनको शासन हटाउन अमेरिका सफल भयो । तर, त्यसले इराकलाई अराजकतामा डुबायो, जसले गर्दा दुई दशकसम्म यस क्षेत्रमा अस्थिरता बढ्यो, जसका कारण अमेरिका र यसका क्षेत्रीय सहयोगीलाई ठूलो क्षति भयो ।

यी असफलताको एउटा कारण यो हो कि एकपछि अर्को अमेरिकी राष्ट्रपति युद्ध र शान्तिको मामिलामा आफ्नो पदको गम्भीरताका लागि तयार थिएनन् । उनीहरूमा बल प्रयोग गर्ने अवस्थाको ज्ञान र बुझाइको गहिरो अभाव थियो । युद्धमा जाने मान्यतालाई चुनौती दिन असफल, अमेरिकी बौद्धिक र सैन्य श्रेष्ठतालाई सामान्य रूपमा लिने अहङ्कार, समूहगत सोच र अमेरिकी सेना जतिसुकै कुशल भए पनि सबै सम्भावित परिणामको परीक्षण नगर्ने नोकरशाही अयोग्यताबाट पीडित छन् । यी सबै कुराले अन्ततः त्रुटिपूर्ण रणनीतिक निर्णय निम्त्याए ।

अब यस्तो देखिन्छ कि विगतका यी असफलताले इरानको युद्धलाई सङ्क्रमित गरे । खाडीमा खेलिएका हरेक युद्ध खेल र अभ्यासमा हर्मुजको जलमार्ग बन्द थियो । के कसैले ट्रम्पलाई त्यो आकस्मिकताबारे सल्लाह दिएनन् वा उनले सुनेनन् ? किन उनले युद्धमा जाने वा उनको शब्दमा इरानमा 'भ्रमण' सुरु गर्ने छनोट गरे ? केही दिनमा युक्रेनी राजधानी किभ पतन हुनेछ भन्ने रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको ठूलो गलत अनुमान दोहोऱ्याउँदै अमेरिकी राष्ट्रपति किन इरान युद्धमा हाम फाले ? यसमा अमेरिकाको गलत आकलनका साथै राष्ट्रपतिका सल्लाहकारले दिएको सुझावले काम नगरेको हुन सक्छ । कतिपय अवस्थामा राष्ट्रपति स्वयंले अमेरिका–इरान युद्धमा होमिन नहुने भनी केही सल्लाहकारले दिएको सुझावलाई बेवास्ता गरेको देखिन्छ ।

इजरायलीले ट्रम्पलाई हतारमा निर्णय लिनका लागि उत्प्रेरित गर्नुभन्दा पहिले नै राष्ट्रपतिमा अहङ्कार र पूर्ण बुझाइको स्पष्ट अभाव थियो । यस्तै अज्ञानता इजरायली संस्था र प्रधानमन्त्री बेन्जामिन नेतन्याहुमा थियो । अमेरिकी राष्ट्रपतिका प्रमुख वार्ताकार स्टिब विटकफ र जारेड कुसनरसँग आणविक हतियारबारे प्राविधिक ज्ञानको कमी थियो, जसले गर्दा उनीहरू इरानीसँगको वार्तामा निष्प्रभावी र अदूरदर्शी साबित भए । ह्वाइट हाउसले इरानलाई आणविक हतियार निर्माण गर्न र लामो दूरीको क्षेप्यास्त्र विकसित गर्न लाग्ने समयलाई गलत अनुमान मात्र लगाएन, घोर बढाइचढाइ गऱ्यो, जुन गलत आकलनले अमेरिकालाई युद्धमा लाग्न प्रेरित गरेको हुन सक्छ ।

यसबाहेक, भेनेजुयलामाथि अमेरिकी सेनाको सफल कारबाही र अमेरिकी सैन्य पराक्रमको अतिरञ्जित अपेक्षाले ट्रम्पलाई साँच्चै अन्धो बनायो । उनले तेहरानको शासन पतन हुन लागेको इजरायलको भाष्य र कथनलाई सजिलै विश्वास गरे ।

अब, वास्तविकताले पकड जमाइसकेको छ । हरेक लडाइँ जित्दैमा युद्ध जितिँदैन । उत्तर भियतनाम र तालिबानजस्तै हार नमानेर जित्ने इरानको रणनीति कम महत्त्वपूर्ण छैन । तेल प्रवाहका लागि महत्त्वपूर्ण समुद्री नाका हर्मुजको बन्द इरानीले चलाएको सबैभन्दा शक्तिशाली हतियार साबित भयो । विश्वव्यापी ऊर्जाको २० प्रतिशत, मलका लागि आवश्यक पर्ने धेरैजसो फस्फेट र चिप निर्माणका लागि आवश्यक पर्ने हेलियम खाडीमा सिल गरिएको हुनाले लामो समयसम्म चलेको द्वन्द्वको परिणाम स्पष्ट थियो, आर्थिक विपत्ति । हर्मुज बन्द हुँदा अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य आकासिनुका साथै आर्थिक उथलपुथलले विश्व अर्थतन्त्रमा ठूलो हलचल ल्याएको छ ।

इरानको सफलताको मापदण्ड दुई अमेरिकी लडाकु विमान खसालिएको वा अमेरिकी सैन्य अड्डामा प्रहार भएको सङ्ख्या कम थिएन । यो अमेरिकामा पेट्रोलको मूल्य र सेयर बजारको निराशाजनक अवस्था थियो । सुरुवाती दिनमा पनि युद्ध अत्यधिक अलोकप्रिय थियो, लगभग दुईतिहाइ अमेरिकीले यसको विरोध गरेका थिए । अहिले पनि अधिकांश अमेरिकी युद्धको विरोधमा छन् । युद्धका कारण ट्रम्पप्रतिको अनुमोदन दरमा निरन्तर गिरावट आएको विभिन्न सर्वेक्षणले देखाएका छन् । पेट्रोलको उच्च मूल्य र बढ्दो मुद्रास्फीतिको जोखिमको अर्थ अमेरिकामा हुने प्रमुख मध्यावधि चुनावअघि सामाजिक असन्तुष्टि बढाउनु थियो ।

अब ट्रम्पसामु दुई विकल्प छन्, भियतनाम युद्धको समयमा राष्ट्रपति लिन्डन जोनसनले जस्तै युद्ध अन्त्य गर्न ट्रम्पले इरानका सर्त स्वीकार गर्न सक्छन् वा लामो समयसम्म चल्ने द्वन्द्व अर्थात् 'सदाका लागि युद्ध' मा फस्न सक्छन् ।

हालका लागि अमेरिकी राष्ट्रपतिले बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलको धारणालाई रोजेका छन् कि संवाद र कूटनीति सशस्त्र द्वन्द्वभन्दा धेरै उच्च छन् । ट्रम्पले जुनसुकै बाटो जाने निर्णय गरे पनि उनी आफैँ कुनै राम्रो विकल्पविना फसेको कारणले गर्दा इरान युद्ध राष्ट्रपतिको रूपमा उनले गरेको सबैभन्दा विनाशकारी निर्णय साबित हुनेछ ।

(डा. उलम्यान वासिंटन डिसीको एट्लान्टिक काउन्सिलका वरिष्ठ सल्लाहकार हुन् ।)

*- अलजजिराबाट*









# जनसङ्ख्या वृद्धिसँगै आवासको विकास आवश्यक



पाठक पत्र

भूमाफियाहरूले जनताको जग्गा सस्तोमा खरिद गरी काठमाडौँ उपत्यका विकास प्राधिकरण र मालपोत कार्यालयसँगको मिलेमतोमा आवासको नाममा प्लटिङ गरी जनतालाई महँगोमा जग्गा बेच्ने काम बेठीक हो ।

सरकारी निकाय वा जनताको प्रतिनिधि संस्थाले आवास योजना सञ्चालन गर्ने र निश्चित प्रतिशत जग्गा कटौती गरी बाँकी जग्गा जनतालाई नै फिर्ता गर्ने आवास योजना ठीक हो । यस्तो योजना सबै पालिकामा हुनु जरुरी छ ।

जनसङ्ख्या वृद्धिसँगै आवासको विकास सबै देशमा भइरहेको छ, नेपालमा पनि हुनु स्वाभाविक हो ।

देको–मिवा–इतापाके भनपाको चौथो आवास योजना हो । पहिलो कमलविनायक, दोस्रो लिवाली र तेस्रो तुमचो–दुगुरे–चोखा आवास योजना सम्पन्न भइसकेको छ । दिउँसै रात पार्ने काम किन गर्ने ? व्यवस्थित सहर विकास जरुरी छ । यस अर्थमा भनपालाई भक्तपुरका जनतासँगै नेपाली जनताले नै धन्यवाद दिनु पर्दछ ।

जग्गावालाको समस्या भनपाका आफ्नै जनप्रतिनिधिसँग बसेर छलफल गरी समाधान गर्नु उपयुक्त हुन्छ । जनप्रतिनिधिलाई झूटा आरोप लगाएर सार्वजनिक जग्गा मिचेर घर बनाएको ठीक होइन ।

*- एक पाठक, काठमाडौँ*

# भेनेजुयलाको प्रतिरक्षामा

✍ क्रिस गिल्बर्ट

भेनेजुयलाको विषयमा अहिले वामपन्थीहरूबिच ठुलो छलफल चल्दै छ । जनवरी ३ को आक्रमणपछि डेल्सी रोड्रिगेजको सरकार कतै रणनीतिक रूपमा पछि हटेको त होइन ? अथवा, यो ब्रेस्ट-लितोभ्स्क सन्धि पो हो कि ? यस्तै अनेक आशङ्का छन् । तर, यसमा बढ्ता जोड दिनु मेरो विचारमा सही होइन ।

'ब्रेस्ट-लितोभ्स्क' आहानजस्तो बनिसकेको छ । अक्टोबर क्रान्तिको केही महिनापछि भ्लादिमिर लेनिनले जर्मनीसँग अलग्गै शान्ति सन्धि गर्ने निर्णय गर्नुभयो । सो सन्धिमा जर्मनीको हात माथि पऱ्यो । तथापि, क्रान्तिको रक्षा गर्न त्यो निर्णय प्रभावकारी सिद्ध भयो । धेरै विश्लेषकले भेनेजुयाली नेतृत्वले इतिहासको यो पाठ आत्मसात गरेको बताउँछन् । उनीहरू यसलाई सही क्रान्तिकारी निर्णय लिने मोडल भन्दै छन् । जर्मनीलाई केही सहुलियत दिएर लेनिनले सही निर्णय लिएको र सोही शैलीमा अमेरिकी साम्राज्यवादलाई रोड्रिगेजले छुट दिएको उनीहरूको तर्क छ । यसरी क्रान्तिको रक्षा गर्न देशले थप समय पाएको उनीहरूले बताइरहेका छन् ।

यो विचारको आलोचना गर्ने अर्को तप्का छ । उनीहरूको दाबीअनुसार भेनेजुयलामा ब्रेस्ट-लितोभ्स्कजस्तो रणनीतिक पछि-हटाइ सम्भव छैन । किनभने, भेनेजुयलासँग यस्तो रणनीतिक भिजन छैन र अमेरिकालाई दिइएको छुट सानोतिनो छैन भन्ने उनीहरूको तर्क छ । यसलाई उनीहरू पछि-हटाइ नभई आत्मसमर्पण ठान्दै छन् ।



यो बहसमा दुवै समूहले ब्रेस्ट-लितोभ्स्क सन्धिमा बढी जोड दिएको पाइन्छ । यसको अर्थ हो - लड्ने कि रणनीतिक रूपमा पछि हट्ने । भेनेजुयलाको आजको स्थिति यी दुईमध्ये कुनै होइन । भेनेजुयलाको क्रान्तिकारी प्रक्रिया अलि लामो छ । रुसमा जम्मा चार महिनामा अक्टोबर क्रान्ति भएको थियो । रुसी क्रान्ति गरिमापूर्ण र बेजोड थियो । (वास्तवमा बिसौं शताब्दीको सबैभन्दा महत्त्वपूर्ण घटना थियो त्यो ।) ब्रेस्ट-लितोभ्स्क सन्धि हुँदा क्रान्ति जारी थियो ।

त्यसैले ब्रेस्ट-लितोभ्स्क सन्धिसँगको तुलना ऐतिहासिक हिसाबले सटिक छैन । यो तुलनाले बोलिभारियाली क्रान्तिलाई कम आँक्छ; विगत २५ वर्षमा यो क्रान्तिले हासिल गरेको भौतिक र सङ्गठनात्मक उपलब्धिलाई बेवास्ता गर्छ । सैद्धान्तिक तहमा 'ब्रेस्ट-लितोभ्स्क' सँगको तुलनाले ह्युगो चाभेजको दाबीलाई ओझेल पार्छ । क्रान्तिको क्रममा भेनेजुयलाले हासिल गरेको उपलब्धि 'उल्ट्याउन नसकिने' बिन्दुमा पुगेकोमा चाभेजले बारम्बार जोड दिनुभएको थियो ।

दु:खको कुरो अहिले उत्तरी गोलार्द्धका बुद्धिजीवीहरू यसरी नै तुलना गर्दै छन् । भेनेजुयलाप्रति सहानुभूति राख्नेहरूको पनि यस्तै सोच छ । धेरै वर्षसम्म उत्तरी गोलार्द्धका अधिकतर बुद्धिजीवीहरूले बोलिभारियाली क्रान्तिले उल्लेख्य प्रगति नगरेको दाबी गरिरहे । क्रान्तिले पुँजीपतिवर्गलाई निमिट्यान्न पार्न नसकेको र उत्पादकका सम्पूर्ण साधन राष्ट्रियकरण गर्न नसकेको उनीहरूको तर्क थियो ।

भेनेजुयलामा सरकार र लोकप्रिय आन्दोलनको 'द्वैध सत्ता' चलिरहेको छ भन्ने अर्को दाबी पनि रह्यो । यो शब्दावली अक्टोबर क्रान्तिबाट आएको थियो । सन् १९१७ को फेब्रुअरीदेखि अक्टोबरसम्म रुसमा 'द्वैध सत्ता' चलेको थियो । यसरी तुलना गर्दा चाभेज (र पछि मादुरो) 'करेन्स्की' हुन् र वास्तविक क्रान्ति अब हुँदै छ भन्नुपर्ने हुन्छ ! (किनभने, तिनताक रुसमा करेन्स्कीको सरकार थियो ।) साथै, यसरी तुलना गर्दा भेनेजुयलामा वास्तविक क्रान्ति भएको थिएन र कुनै उल्लेख्य क्रान्तिकारी रूपान्तरण पनि भएको थिएन भन्ने अर्थ लाग्छ ।

क्रान्तिका नेता चाभेजको धारणा माथिका कुनै पनि चित्रणसँग मिल्दैनथ्यो । भेनेजुयलामा वास्तविक क्रान्ति भएको उहाँको बुझाइ थियो । क्रान्तिका क्रममा अनेक संयन्त्रहरूको निर्माण गरेर नेतृत्वले सत्ता र सामाजिक नियन्त्रणको बागडोर जनतालाई सुम्पेको चाभेजको विश्वास थियो ।

उत्पादन र सामाजिक जीवनका विभिन्न पक्षमाथि भुइँतहको नियन्त्रणका लागि चालिएका यस्ता पाइला उल्ट्याउन नसकिनेमा चाभेजले बारम्बार जोड दिनुभएको थियो । किनभने, भुइँतहको नियन्त्रणले गर्दा सामुदायिक परिषद्, नागरिक-सेना, कम्युन र मिलिसियाजस्ता संरचनामा जनसत्ता स्थापित भएको थियो ।

**दुई दृष्टिकोण**

यहाँनिर कसलाई सही मान्ने ? के अमेरिकी आक्रमणपछि भेनेजुयलामा देखापरेको घटनाक्रमलाई ब्रेस्ट-लितोभ्स्क सन्धिसँग तुलना गर्ने बुद्धिजीवीहरू सही हुन् ? अथवा, बोलिभारियाली क्रान्तिलाई वास्तविक, गहिरो र उल्ट्याउन नसकिने ठान्ने ह्युगो चाभेजलाई सही मान्ने ?

त्यसो त अहिले बहसमा उत्रेका धेरै बुद्धिजीवीहरू कुनै बेला कमान्डेन्ट चाभेजसँग सहमत थिएनन् । तर, धेरै घटनामा इतिहासले चाभेजको पक्षमा फैसला गरेको थियो । किनभने, श्रमजीवीवर्गका जनता उत्पादन, भौगोलिक नियन्त्रण र राष्ट्रिय सुरक्षाजस्ता क्षेत्रमा एकपल्ट नीति निर्माण तहमा सहभागी भएपछि त्यसलाई उल्ट्याउन ठुलै शक्ति चाहिन्छ । हुन त जनसहभागितालाई उल्ट्याउन नसकिने भन्ने होइन । तर, सामाजिक रूपान्तरणमा धेरै अघि बढिसकेको क्रान्तिकारी प्रक्रियालाई नामेट पार्न ठुलै मिहिनेत लाग्छ ।

त्यही भएर सन् १९९१ पछि पूर्वी युरोपका देशहरूलाई पुन: उपनिवेशवादी बनाउनका लागि शिक्षा व्यवस्थामा गहन परिवर्तन गरिएको थियो भने मजदुरहरूको हकअधिकार योजनाबद्ध रूपमा खोसिएको थियो । सोभियत सङ्घका पूर्व गणराज्यहरूमा पुँजीवाद फर्काउन जबरजस्ती 'शक थेरापी' वा क्रूर नीति-नियमहरू लागू गरिएको थियो । सुखको कुरा, त्यो 'थेरापी' पूर्णत: सफल भएन । रुसी जनताले साम्राज्यवादी अर्थतन्त्रबाट अलग्गिएर बडो दु:खले आर्जेको व्यवस्था पूर्णत: नामेट भएन । यसकारण, भ्लादिमिर पुटिनको नेतृत्वमा (समाजवादी नभए पनि) नयाँ सार्वभौम र साम्राज्यवादविरोधी रुसको उदय सम्भव भएको हो ।

इतिहासले के देखाउँछ भने क्रान्तिको ढाड भाँच्नका लागि तपाईंले जनसत्ताको जग भत्काउनुपर्ने हुन्छ । यसको लागि धेरै पसिना र लगन चाहिन्छ । यसको लागि वर्षौंसम्म ठुलो रक्तपातको खाँचो पर्छ । जनताको ऐतिहासिक स्मृतिलाई मेट्न संस्कृतिको क्षेत्रमा सशक्त प्रचारबाजी गर्नुपर्ने हुन्छ ।

पछिल्ला महिनाहरूमा भेनेजुयलामा यस्ता दुस्प्रयास भएको प्रमाण उति पाइँदैन । बोलिभारियाली सेना ठीकठाक छ । सत्ताधारी दल (PSUV) र त्यसको नेतृत्व पहिलेझैँ सक्रिय छ । ५ हजारभन्दा बढी कम्युन र कम्युनेली सञ्जाल अझै क्रियाशील छन् । तिनले सरकारबाट झन् बढी वित्तीय सहयोग पाइरहेका छन् ।

हो, भेनेजुयलाको तेल उद्योग र त्यसको वित्त व्यवस्थाको केही हिस्सा देशको नियन्त्रणबाहिर गएको कुरा साँचो हो । तर, यो नयाँ परिस्थितिमा नाकाबन्दी अलि खुकुलो भएको हामीले बिर्सनुहुन्न । मादुरो सरकारले धेरै वर्षदेखि यो दिन देख्न चाहेको थियो । तथापि, घटनाक्रमले यस्तो रूप लिएला भनेर कसैले सोचेको थिएन ।

**ऐतिहासिक क्षण केलाउँदा**

क्रान्तिमा सबथोक समयको खेल हो । लेनिन र फिडेल क्यास्त्रो दुवैजना यस कुरामा सहमत हुनुहुन्थ्यो । क्यास्त्रोले त उद्घोष नै गर्नुभयो, "ऐतिहासिक क्षण बुझ्नु क्रान्ति हो ।"
अहिले हामी कस्तो ऐतिहासिक क्षणमा छौँ त ? के हामी ब्रेस्ट-लितोभ्स्कको अवस्था छौँ ? अथवा, त्यो भन्दा गतिलो अर्को तुलना पनि हुन सक्ला ? वास्तवमा हामीले क्रान्तिकारी प्रक्रियाको २५ वर्ष बिताइसकेका छौँ । बोलिभारियाली क्रान्तिका धेरै सङ्गठनात्मक उपलब्धिहरू उस्तै छन् । ब्रेस्ट-लितोभ्स्क सन्धिसँग जोडिहाल्नुपर्ने स्थिति होइन । बरु, हामीले अर्कै ऐतिहासिक सन्दर्भहरू खोज्न आवश्यक छ । चीन र भियतनाम दुवैले विश्व बजार र विदेशी लगानीका लागि ढोका खोलेको प्रसङ्ग बढी सान्दर्भिक हुनसक्छ । लामो अवधिसम्म क्रान्तिलाई सुदृढ पारेपछि उनीहरूले विश्व बजार र विदेशी लगानी भित्र्याएका थिए ।

सन् १९७० को दशकमा चीनले सुधार र खुलापनको बाटो लियो । त्यसको एक दशकपछि भियतनामले नवीकरण प्रक्रिया अघि बढायो । ती निर्णय लिँदा धेरै विदेशी बुद्धिजीवीहरूले 'चिनियाँ र भियतनामी नेताहरूले क्रान्ति परित्याग गरे' भनेका थिए । क्रान्तिलाई पुनर्स्थापित गर्नका लागि फ्रान्सेली राज्य क्रान्तिमा जस्तो उथलपुथल हुने धेरैले दाबी पनि गरेका थिए । तर, ती सतही आलोचकलाई इतिहासले गलत साबित गऱ्यो । वास्तवमा नयाँ उपाय अपनाएर चीन र भियतनामले क्रान्तिलाई जोगाएका थिए । सर्वत्र साम्राज्यवादले क्रान्तिविरोधी नवउदारवादी नीति थोपरिरहेको बेला चीन र भियतनाम भने जोगिए ।

आज पुन: इतिहास दोहोरिने देखिन्छ । धेरै विदेशी पर्यवेक्षकहरूले भेनेजुयलाको किल्ला ढलेको बताउँदै छन्; अदूरदर्शिता र निराशा पोख्दै छन् । यसो भन्दै गर्दा उनीहरूले क्रान्तिले खडा गरेको साङ्गठनिक जगलाई ध्यान नदिएको देखिन्छ । जब कि त्यो जग एकदम सुदृढ छ । त्यसैले क्रान्तिकारी प्रक्रिया बन्द भएको छैन बरु भविष्यमा त्यसका सम्भावनाहरू खुलेर आउनेछन् ।

सारमा, साम्राज्यवादी देशका बुद्धिजीवीहरूले भेनेजुयलालाई ब्रेस्ट-लितोभ्स्क सन्धि गर्न चौबाटोमा पुगेको गाडीजस्तो देख्दै छन् । गाडी दायाँ-बायाँ, अघि-पछि जता पनि जान सक्छ भन्दै छन् । चौबाटोमा उभिएको ट्राफिक प्रहरीझैँ उनीहरू गाडीलाई नियालिरहेछन् ।

यस्ता पर्यवेक्षकहरूको एउटा गल्ती गर्छन् । क्रान्तिका २५ वर्षमा भेनेजुयलारूपी गाडी राजनीतिक र सामाजिक रूपमा पहिलेको भन्दा धेरै बदलिएको छ । त्यसको भित्री कार्यशैली बदलिएको छ । त्यसलाई नयाँ, उल्ट्याउन नसकिने तौरतरिकामा अभ्यस्त पारिएको छ । भेनेजुयलाको यो परिवर्तित सार-सत्यलाई बदल्न ठुलै प्रतिक्रान्तिकारी बल लगाउनुपर्ने हुन्छ । - यी यावत सत्यलाई पर्यवेक्षकहरूले देख्न सकिरहेका छैनन् ।

अड्कलबाजीमा उत्रिँदै गर्दा यी पर्यवेक्षकहरूले पुँजीवादी विचारकहरूकै कुरा भट्याइरहेका छन् । मानौँ, यो देशमा क्रान्ति नै भएको थिएन; मानौँ, त्यसकै फल भेनेजुयलाले भोग्दै छ ।

**महानगरको अन्तर्राष्ट्रवाद**

हालका वर्षहरूमा साम्राज्यवादविरोधी बुद्धिजीवीहरूको नयाँ पुस्ता देखापरेको छ । यिनीहरू खासगरी अनलाइन सञ्जालहरूमा सक्रिय छन् । धेरै अर्थमा उनीहरूका गतिविधिलाई स्वागतयोग्य मान्नुपर्छ । सन् २००८ को आर्थिक मन्दीपछि उत्तरी गोलार्द्धका देशहरूमा धेरै समाजवादी पत्रपत्रिका देखापरे । तिनको एउटा साझा समस्या थियो । उनीहरूले साम्राज्यवादको कडा विरोध गर्न सकेनन् । प्यालेस्टिनमा अमेरिका र इजरायलले जातिसंहार मच्चाइरहँदा उनीहरूको कमजोरी झन् प्रस्ट भयो । आज अनलाइनमा सक्रिय नयाँ बुद्धिजीवीहरूले त्यो गल्ती सच्याएको प्रतीत हुन्छ ।

यो एकदम जरुरी थियो । साम्राज्यवादविरोधी नयाँ बुद्धिजीवीहरूले आजको मूल अन्तर्विरोध बुझेका छन् । अमेरिकी साम्राज्यवाद र उसले तखतमा राखेका देशहरूबिचको अन्तर्विरोध नै आजको मूल अन्तर्विरोध हो । अघिका बुद्धिजीवीहरूले साम्राज्यवादप्रति आँखा चिम्लेका थिए भने अहिलेका बुद्धिजीवीहरू साम्राज्यवादको खरो विरोधमा उत्रेका छन् । तर, उनीहरू बढी विश्वव्यापी छन् र तिनका जराहरू ठोस सङ्घर्षमा उति गाडिएका छैनन् । उनीहरूको सीमा स्वाभाविक देखिन्छ । उनीहरू आफ्नो वर्गीय र भौतिक धरातलबाट माथि उठ्न सकेका छैनन् । उनीहरूले सजिलो हवाई यात्रा, सहुलियतपूर्ण पासपोर्ट, वित्तीय स्वतन्त्रता र काम गर्ने सहज परिवेश पाएका छन् । यसले गर्दा उनीहरूले संसारका धेरै देश वा क्षेत्रमा गएर विकासका कार्यमा पर्यवेक्षण गर्न, घुमघाम गर्न पाएका छन् ।

एकदम 'फुक्काफाल' बुद्धिजीवी पनि छन् र एकदम 'जैविक' बुद्धिजीवी पनि छन् । तर, धेरै बुद्धिजीवी पहिलो खालका छन् । निश्चय नै आज हामीलाई साम्राज्यवादको विरोधमा केन्द्रित क्रान्तिकारी अन्तर्राष्ट्रवादको आवश्यकता छ । तर, त्यसलाई ठोस क्रान्तिकारी सङ्घर्ष वा अभियानसँग जोडिएका 'जैविक' बुद्धिजीवीहरूले नेतृत्व गर्नुपर्छ । त्यस्तो क्रियाशीलता (प्राक्सिस, प्रतिबद्धता र आत्मालोचनाको परम्परा) बाट आएको बुद्धिजीवीले मात्र सैद्धान्तिक सङ्घर्ष वा सामाजिक परिकल्पनामा संलग्न हुने हैसियत राख्छ ।

अफ्रिकी क्रान्तिकारी अमिल्कार काब्रालले भनेका थिए, "खाना भाँडाभित्र पाक्छ, बाहिर पाक्दैन ।" अर्थात, क्रान्ति गर्न स्थानीय परिस्थिति र बाह्य अवस्था दुवैको गहिरो बुझाइ चाहिन्छ । यस्तो बुझाइ वा तल्लो तहसँगको जोडाइबेगर मध्यम वर्गले गर्ने कच्चो तुलनाले परस्पर र रचनात्मक सिकाइमा बाधा पुग्छ । भौतिक अवस्था र इतिहास नै नबुझी गर्ने यस्ता तुलनामा एकखाले नेता वा एकखाले सङ्घर्ष अर्कोभन्दा बढी जुझारु, पराक्रमी देखिन सक्लान् । त्यसैले कुनै पनि क्रान्तिकारी प्रक्रियालाई बुझ्न त्यसको समय र त्यसमा संलग्न पात्रहरूलाई बुझ्नुपर्छ; त्यो प्रक्रियालाई असर गर्ने स्थानीय परिस्थितिलाई पनि बुझ्नुपर्छ । यसरी हेर्दा हरेक क्रान्ति अरूभन्दा एकदम भिन्न हुन्छन् । त्यसैले सबै क्रान्तिलाई सम्मान गर्न जरुरी छ ।

क्रान्ति नायक ह्युगो चाभेजले पनि यसमा जोड दिनुभएको थियो । उहाँले आफ्नो अन्तर्राष्ट्रवादलाई सबैलाई एकै चस्माले हेर्ने 'महानगरवाद' मा पतन हुन दिनुभएन । इरान, इराक वा प्यालेस्टिनको प्रतिरोध सङ्घर्षमा सक्रिय व्यक्तिहरू आरामपूर्वक आआफ्नो देशमा बसेर अनेक आक्रोशपूर्ण टिप्पणी र निम्छरो तुलना गर्ने व्यक्तिजस्ता 'महानगरवादी' हुँदैनन् । किनभने, आफ्नो देशको मुक्ति सङ्घर्षमा होमिने ती व्यक्तिहरू आफ्नो मुख्य कामबारे स्पष्ट हुन्छन् । असल र कम-असल छुट्याउनु र कम-असलको आलोचना गर्नु मुख्य काम होइन । बरु, अमेरिकी साम्राज्यवादलाई परास्त गर्नु मुख्य काम हो ।

यसको लागि संसारका विभिन्न देश र त्यहाँका जनताका भिन्न स्थानीय अवस्था, सङ्घर्षको विधि र सामयिकीलाई सम्मान गर्नुपर्छ । साम्राज्यवादविरोधी आन्दोलनको निर्माण गर्न यति त गर्नैपर्छ । अनि यस्तो आन्दोलन नचलाई अन्तिम विजय सम्भव छैन ।

*(लेखक भेनेजुयलाको बोलिभारियाना विश्वविद्यालयमा राजनीतिशास्त्रका प्रोफेसर हुन् ।*

*स्रोत : एमआर अनलाइन । सम्यक)*

# अविश्वासबिच इस्लामावादमा अमेरिका–इरान वार्ता सुरु



इस्लामाबाद, ११ अप्रिल (एएफपी)। मध्यपूर्वमा जारी द्वन्द्व रोक्ने उद्देश्यसहित सुरु भएको अमेरिका–इरान उच्चस्तरीय वार्ता गहिरो आपसी अविश्वासबिच पाकिस्तानको राजधानी इस्लामाबादमा केन्द्रित भएको छ। केही हप्तायता जारी युद्धलाई स्थायी रूपमा अन्त्य गर्ने प्रयासका रूपमा हेरिएको यो पहललाई पाकिस्तानी नेतृत्वले 'मेक वा ब्रेक' चरणको संज्ञा दिएको छ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्स शनिबार इस्लामाबाद आइपुग्नुभएको छ। उहाँलाई पाकिस्तानका सेना प्रमुख असीम मुनीरले नुर खान एयरबेसमा स्वागत गर्नुभएको थियो, जहाँ अमेरिकी विशेष दूत स्टिभ विटकफ र जारेड कुसनर पहिले नै उपस्थित हुनुहुन्थ्यो। उता, इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबाफको नेतृत्वमा रहेको प्रतिनिधिमण्डल पनि रातारात राजधानीनजिकै अवतरण गरेको थियो।

यद्यपि, दुवै पक्ष वार्तामा सहभागी भए पनि उनीहरूबिच विश्वासको गम्भीर अभाव देखिएको छ। इस्लामाबाद अवतरण गरेलगत्तै कालिबाफले 'हामीसँग राम्रो मनसाय छ, तर विश्वास छैन' भन्दै विगतका अनुभवले अमेरिकी प्रतिबद्धतामा भरोसा गर्न कठिन भएको सङ्केत गर्नुभएको छ।

अमेरिकी पक्षबाट भने भान्सले प्रस्थानअघि नै सकारात्मक सङ्केत दिनुभएको थियो। उहाँले इरानले सद्भावका साथ वार्ता गरे अमेरिका पनि खुला रूपमा अघि बढ्न तयार रहेको बताउनुभयो। तर, छलकपटको प्रयास भएमा कडा प्रतिक्रिया आउने चेतावनी पनि उहाँले दिनुभएको थियो।

यसबिच, युद्धविराम स्वयं नै कमजोर अवस्थामा रहेको छ। विशेषगरी लेबनानमा इजरायलको निरन्तर आक्रमणहरूले स्थिति थप जटिल बनाएको छ। युद्धविराम लागू भएको ४८ घण्टा नबित्दै सयौँको ज्यान जाने गरी भएको बमबारीले शान्ति प्रक्रियामाथि प्रश्न उठाएको छ।

पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले यस अवस्थालाई 'अझ कठिन चरण' मा प्रवेश गरेको भन्दै आगामी वार्ता सहज नहुने स्पष्ट पार्नुभएको छ। उहाँका अनुसार फेब्रुअरी २८ मा सुरु भएको युद्धलाई अन्त्य गर्न अहिलेको प्रयास निर्णायक मोडमा पुगेको छ।

वार्ताको एजेन्डामा मुख्य रूपमा रणनीतिक स्ट्रेट अफ होर्मुज, इरानी सम्पत्तिको अवरोध, लेबनानको अवस्था र आणविक कार्यक्रमजस्ता संवेदनशील विषयहरू रहेका छन्। अमेरिकाले जलडमरू पुन: खोल्नुपर्ने माग राखेको छ भने इरानले लेबनानलाई पनि युद्धविरामको दायरामा समेट्नुपर्ने अडान लिएको छ।

विश्वको करिब पाँचौं भाग कच्चा तेल बग्ने स्ट्रेट अफ होर्मुज अझै पूर्ण रूपमा सञ्चालनमा आएको छैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई चाँडै खोल्ने प्रतिबद्धता जनाउँदै इरानसँगको वार्तामा 'आणविक हतियाररहित' सुनिश्चित गर्नु प्रमुख लक्ष्य रहेको बताउनुभएको छ।

इस्लामाबादमा वार्तालाई लक्षित गर्दै कडा सुरक्षा व्यवस्था गरिएको छ। 'रेड जोन' क्षेत्रमा प्रहरी र अर्धसैनिक बलको ठूलो उपस्थिति देखिएको छ भने मुख्य सडकहरू नियन्त्रणमा लिइएका छन्। प्रतिनिधिमण्डल बस्ने होटलहरू पनि विशेष सुरक्षामा राखिएका छन्।

वार्ता प्रत्यक्ष हुने कि अप्रत्यक्ष भन्ने अझै स्पष्ट छैन। यसअघि ओमानको मध्यस्थतामा भएको जस्तै अप्रत्यक्ष ढाँचा अपनाइने सम्भावना पनि रहेको कूटनीतिक स्रोतहरूले जनाएका छन्। पाकिस्तानले वार्तालाई सहज बनाउन विभिन्न विषयका विज्ञहरूको टोली पनि परिचालन गरेको छ।

यस प्रक्रियालाई अन्य क्षेत्रीय शक्तिहरूले पनि नजिकबाट हेरिरहेका छन्। इजिप्ट, टर्की र चीनले मध्यस्थतामा भूमिका खेलेका छन् भने चीनलाई सम्भावित दीर्घकालीन सम्झौताको ग्यारेन्टरका रूपमा पनि हेरिएको छ। अमेरिकी पक्षले समेत चीनले इरानलाई वार्तामा ल्याउन भूमिका खेलेको स्वीकार गरेको छ।

तर, मैदानमा जारी हिंसाले वार्ताको सफलतामा चुनौती थपेको छ। इजरायलले लेबनानलाई हालको युद्धविरामको दायरामा नराख्ने अडान लिएको छ भने हिजबुल्लाहले इजरायली सेनामाथि ड्रोन र रकेट आक्रमण जारी राखेको दाबी गरेको छ। इजरायलका लागि अमेरिकी राजदूतले पनि हिजबुल्लाहसँग युद्धविरामबारे छलफल नगर्ने सङ्केत दिएका छन्।

यसबिच, तेहरानका सर्वसाधारणमा पनि वार्ताप्रति मिश्रित प्रतिक्रिया देखिएको छ। एक स्थानीय बासिन्दाले वार्ता सफल हुनेमा शङ्का व्यक्त गर्दै अमेरिकी अभिव्यक्तिलाई 'हल्ला र अवास्तविक' भनेका छन्।

# कोलम्बिया–इक्वेडर व्यापार युद्ध चर्कियो

बोगोटा, ११ अप्रिल (एएफपी)। दक्षिण अमेरिकाका दुई छिमेकी मुलुक कोलम्बिया र इक्वेडरबिच जारी व्यापार तनाव थप चर्किएको छ। इक्वेडरले कोलम्बियाली सामानमा कर बढाएको भोलिपल्ट नै कोलम्बियाले पनि प्रतिउत्तरस्वरूप इक्वेडरबाट आयात हुने वस्तुमा १०० प्रतिशतसम्मको भन्सार शुल्क लगाउने निर्णय गरेको जनाएको छ।

कोलम्बियाको वाणिज्य मन्त्रालयका अनुसार यो कदम प्रत्यक्ष रूपमा इक्वेडरको निर्णयको प्रतिक्रिया हो। बिहीबार इक्वेडरले कोलम्बियाली वस्तुमा लगाइँदै आएको ५० प्रतिशत करलाई बढाएर १०० प्रतिशत पुर्‍याएको थियो। त्यसको जवाफमा कोलम्बियाले पनि समान स्तरको शुल्क लागू गरेको हो।

दुवै देशबिच केही महिनादेखि व्यापारिक विवाद चल्दै आएको छ। इक्वेडरका राष्ट्रपति डेनियल नोबोआले कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले साझा सीमामा लागुऔषध तस्करी र अवैध खनन नियन्त्रण गर्न नसकेको आरोप लगाउँदै आउनुभएको छ। यही विषयले दुई देशबिचको सम्बन्धलाई थप तनावपूर्ण बनाएको छ।

कर वृद्धिमात्र नभई कूटनीतिक सम्बन्धमा पनि असर परेको छ। इक्वेडरको निर्णयपछि कोलम्बियाले आफ्नो राजदूतलाई बोगोटा फिर्ता बोलाएको छ। वर्षको सुरुदेखि नै इक्वेडरले चरणबद्ध रूपमा भन्सार शुल्क बढाउँदै आएको र त्यसको जवाफमा कोलम्बियाले पनि पारस्परिक भन्सार शुल्क लागू गर्दै आएको देखिन्छ। यो सुरुमा ३० प्रतिशतबाट बढ्दै १०० प्रतिशतसम्म पुगेको छ।

यद्यपि, कोलम्बियाले केही क्षेत्रलाई भने आंशिक रूपमा सहज बनाउने सङ्केत दिएको छ। राष्ट्रपति पेट्रोले औद्योगिक उत्पादनका लागि आवश्यक केही कच्चा पदार्थमा 'शून्य प्रतिशत कर' लागू गरिने उल्लेख गर्नुभएको छ, जसले घरेलु उद्योगलाई राहत दिन सक्छ।

कोलम्बियाकी वाणिज्यमन्त्री डायना मोरालेसले दुवै देशबिच कूटनीतिक प्रयासहरू लगभग समाप्त भइसकेको बताउँदै स्थिति गम्भीर बन्दै गएको सङ्केत गर्नुभयो। यसै साता पेट्रोले इक्वेडरका पूर्वउपराष्ट्रपति जोर्ज ग्लासलाई 'राजनीतिक बन्दी' भनेपछि विवाद झन् बढेको हो।

ग्लासले २०१३ देखि २०१८ सम्म विभिन्न सरकारहरूमा सेवा गर्नुभएको थियो र गत वर्ष भ्रष्टाचारको आरोपमा १३ वर्षको जेल सजाय पाउनुभएको थियो। उहाँले जेलमा अमानवीय व्यवहार भोग्नुपरेको दाबी गर्दै आउनुभएको छ।

तनाव यति बढेको छ कि कोलम्बियाले पेरु, बोलिभिया र इक्वेडर सम्मिलित क्षेत्रीय सङ्गठन एन्डियन कम्युनिटी अफ नेसन्स (क्यान) बाट बाहिरिने सम्भावना पनि उठाएको छ। यद्यपि, क्यानले शुक्रबार दुवै देशबिच संवाद गराउने प्रयासस्वरूप कूटनीतिक बैठक आयोजना गरेको जनाएको छ।

आर्थिक दृष्टिले दुवै देश एकअर्कामा निर्भर छन्। कोलम्बियाले इक्वेडरमा मुख्य रूपमा बिजुली, औषधि, सवारी साधन, सौन्दर्य सामग्री र प्लास्टिकजन्य वस्तु निर्यात गर्छ भने इक्वेडरबाट तरकारीजन्य तेल, डिब्बाबन्द टुना, खनिज तथा धातु आयात गर्छ।

यस क्षेत्रको अर्को जटिल पक्ष लागुऔषध तस्करी पनि हो। कोलम्बिया र पेरुमा उत्पादित करिब ७० प्रतिशत कोकेन इक्वेडर हुँदै प्रशान्त महासागरका बन्दरगाहबाट बाहिरिने गरेको छ। यसले इक्वेडरलाई आपराधिक गतिविधिको केन्द्र बनाएको छ।

# युरोपियन युनियनद्वारा अवैध इजरायली विस्तारको निन्दा

ब्रसेल्स (बेल्जियम), ११ अप्रिल (एएनआई)। इजरायलले कब्जा गरेको वेस्ट बैङ्क क्षेत्रमा ३० भन्दा बढी नयाँ बस्तीहरू स्थापना गर्ने पछिल्लो इजरायली निर्णयको युरोपियन युनियनले कडा निन्दा गरेको छ।

विज्ञप्ति जारी गर्दै ईयूले इजरायलको विस्तारले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन र दुई–राज्यबिचको लामो समयदेखिको सौहार्दपूर्ण सम्बन्धमा खतरा उत्पन्न भएको बताएको छ। युरोपेली युनियनले पूर्वी जेरुसेलमसहित वेस्ट बैङ्कमा आफ्नो कब्जा विस्तार गर्ने इजरायली कदमको निन्दा गरेको छ भने अन्तर्राष्ट्रिय अदालतको गैरकानुनी घोषणा गरेको छ। ईयूले इजरायललाई यी निर्णयहरू उल्टाइ अन्तर्राष्ट्रिय कानुनअनुसार आफ्नो दायित्वहरूको पालना गर्न र कब्जा गरिएका क्षेत्रहरूका प्यालेस्टिनीहरूको रक्षा गर्न आग्रह गर्नुभएको छ।

यसैबिच युरोपियन युनियनले प्यालेस्टिनी नागरिकहरू विरुद्धको गरिएको हिंसाको निन्दा गर्दै संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्ताव अनुसार दुई–राज्य इजरायल र प्यालेस्टिन, न्यायपूर्ण र स्थायी शान्ति हित आफ्नो सीमाभित्र शान्तिको साथ बस्न पाउनुपर्ने बताएको छ।

इस्लामिक सहयोग सङ्गठन (ओआईसी) ले पनि शुक्रबार इजरायली कब्जामा रहेको वेस्ट बैङ्कमा ३४ वटा नयाँ बस्तीहरूको स्वीकृतिको निन्दा गर्दै यो निर्णयले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरेको बताएको छ।

इजरायली सरकारले अप्रिलको सुरुमा 'गोप्य रूपमा' गरेको यो निर्णयले अन्तर्राष्ट्रिय कानुनको स्पष्ट उल्लङ्घन भएको प्यालेस्टिन सरकारले जनाएको छ।

अल जजिराका अनुसार इजरायली सरकारबाट हालसम्म यस विषयमा कुनै टिप्पणी आएको छैन।

गत बिहीबार स्वीकृत भएका बस्तीहरूसहित सन् २०२२ मा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको सरकार सत्तामा आएपछि स्वीकृत भएका ६८ वटाभन्दा माथि भएको अलजजिराले जनाएको छ।

# चन्द्रयात्राबाट सुरक्षित फर्कियो आर्टेमिस द्वितीय

ह्युस्टन, ११ अप्रिल (एपी)। आधा शताब्दीपछि मानवलाई पुन: चन्द्रमाको नजिक पुर्‍याएको ऐतिहासिक आर्टेमिस द्वितीय अभियान शुक्रबार प्रशान्त महासागरमा सफल स्प्ल्यासडाउन (समुद्र वा पानीमा हुने अवतरण) सँगै सम्पन्न भएको छ। अत्यन्त जोखिमपूर्ण पुन:प्रवेश पार गर्दै अन्तरिक्ष यात्रीहरूले केवल सुरक्षित अवतरण मात्र गरेनन्, मानव अन्वेषणको नयाँ अध्याय सुरु गर्ने मार्ग पनि तयार पारे।

करिब १० दिन लामो यस अभियानले चन्द्रमाको टाढाको भागदेखि दुर्लभ खगोलीय दृश्यहरू अवलोकन गर्‍यो। अन्तरिक्षको असीम शून्यताबिच देखिएको पूर्ण सूर्यग्रहण, ग्रहहरूको अद्भुत पङ्क्ति र पृथ्वीको झल्कोले यात्रालाई वैज्ञानिक मात्र नभई, भावनात्मक रूपमा पनि ऐतिहासिक बनायो।

मिसन सम्पन्न गरी फर्किएका कमान्डर रिड वाइसम्यान, पाइलट भिक्टर ग्लोभर, क्रिस्टिना कोच र क्यानाडाका जेरेमी ह्यानसेन सान डिएगो नजिक समुद्रमा अवतरण गरेको क्याप्सुलबाट बाहिरिँदा उहाँहरूमा उत्साह र राहत दुवै झल्किएको थियो। सैन्य हेलिकप्टरहरूले उहाँहरूलाई एक–एक गरी उद्धार गर्दै अमेरिकी नौसेनाको जहाज युएसएस जोन पी मुर्तासम्म पुर्‍याएका थिए।

नासाका प्रशासक जारेड आइज्याकम्यानले यस टोलीलाई 'मानवताको प्रतिनिधि' का रूपमा व्याख्या गर्दै उहाँहरूको योगदानले आगामी चन्द्र अवतरणका लागि आधार तयार गरेको बताउनुभयो। नासाको मिसन कन्ट्रोलमा पनि सफल अवतरणसँगै उत्सवको माहोल देखिएको थियो। अधिकारीहरूले यसलाई 'नयाँ मूनसटको सुरुआत' का रूपमा चित्रण गरेका छन्।

ओरिअन क्याप्सुल 'इन्टिग्रिटी' ले पृथ्वीको वायुमण्डलमा प्रवेश गर्दा ध्वनिको गतिभन्दा ३३ गुणा तीव्र गतिमा यात्रा गरेको थियो। पुन:प्रवेशका क्रममा क्याप्सुल अत्यधिक तापमा रातो–तातो प्लाज्माले घेरिएको थियो, जसका कारण केही समय सञ्चार अवरुद्ध भएको थियो। यही क्षण मिसनको सबैभन्दा संवेदनशील चरण मानिएको थियो, जहाँ तापीय ढालको सफलतामाथि सम्पूर्ण टोलीको सुरक्षाको निर्भरता थियो।

छ मिनेट लामो ब्ल्याकआउटपछि क्याप्सुल पुन: सम्पर्कमा आउँदा परिवारजन र वैज्ञानिकहरू दुवैले राहत महसुस गरेका थिए। अन्तत: करिब ३९ हजार ६९३ किलोमिटर प्रतिघण्टा गतिबाट घट्दै क्याप्सुल सुरक्षित रूपमा समुद्रमा अवतरण भएको थियो।

यस अभियानले विविधता र समावेशीताको सन्देश पनि दिएको छ। क्रिस्टिना कोच चन्द्रमातर्फ उड्ने पहिलो महिला बन्नुभयो भने भिक्टर ग्लोभर पहिलो अश्वेत अन्तरिक्ष यात्री र जेरेमी ह्यानसेन पहिलो गैर–अमेरिकी नागरिकका रूपमा इतिहासमा दर्ज हुनुभयो। उहाँहरूले आफ्नो अनुभव साझा गर्दै भावुक क्षणहरू पनि व्यक्त गर्नुभएको थियो।

अप्रिल १ मा फ्लोरिडाबाट प्रक्षेपण गरिएको यो अभियानले चन्द्रमाको परिक्रमा नगरे पनि मानवले अहिलेसम्म यात्रा गरेको सबैभन्दा टाढाको दूरी–चार लाख छ हजार ७७१ किलोमिटर–पार गर्दै नयाँ कीर्तिमान बनायो। यस क्रममा अन्तरिक्ष यात्रीहरूले चन्द्रमाको टाढाको भागका दृश्यहरू क्यामेरामा कैद गरेका थिए, जुन मानव आँखाले यसअघि कहिल्यै देखेको थिएन।

यात्राका क्रममा केही प्राविधिक समस्या पनि देखिएका थिए। पिउने पानी प्रणाली, इन्धन प्रवाह नियन्त्रण गर्ने भल्भमा समस्या देखिएको थियो र शौचालयमा समस्या आए पनि टोलीले ती चुनौतीहरू सफलतापूर्वक व्यवस्थापन गरेको जनाएको छ। पुन:प्रवेशपछि क्याप्सुलको तापीय ढालको थप परीक्षण गरिने तयारी गरिएको छ।

नासाका अनुसार यो अभियान आगामी चन्द्र अवतरण योजनाको परीक्षण उडान थियो। संशोधित कार्यक्रमअनुसार अर्को चरणमा आर्टेमिस तृतीयमार्फत कक्षीय अभ्यास गरिनेछ भने सन् २०२८ मा आर्टेमिस चतुर्थअन्तर्गत चन्द्रमाको दक्षिणी ध्रुवमा मानव अवतरणको लक्ष्य राखिएको छ।

अन्तरिक्ष यात्री वाइसम्यानले यस अभियानलाई केवल प्राविधिक उपलब्धि मात्र नभई मानवतालाई एकताबद्ध गर्ने अवसरका रूपमा लिन आग्रह गर्नुभयो। उहाँले पृथ्वीको सुन्दरता र ब्रह्माण्डमा यसको विशिष्ट स्थान सम्झनुपर्ने आवश्यकता औँल्याउँदै यस यात्राले सबैलाई साझा भविष्यतर्फ प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो।

# अफगानिस्तानमा घरको छत खस्दा आठ जनाको मृत्यु

काबुल, ११ अप्रिल (सिन्ह्वा)। पूर्वी अफगानिस्तानको परवान प्रान्तमा शनिबार एक घरको छत खस्दा एउटै परिवारका आठ जनाको मृत्यु हुनुका साथै अर्को एक जना घाइते भएको प्रान्तीय प्रहरी प्रवक्ता फजल रहिम मुस्किनियारले बताउनुभएको छ।

स्यागिरड जिल्लामा भारी वर्षाका कारण घरको छत खस्दा दुर्घटना भएको अधिकारीले पुष्टि गरेका छन्। यसअघि काबुलको बागरामी क्षेत्रमा यस्तै दुर्घटनामा हुँदा एउटै परिवारका आठ जनाको ज्यान जानुका साथै एक बालक घाइते भएको जनाइएको थियो। अफगानिस्तानमा विगत दुई हप्तामा बाढी जन्य घटनाहरूका कारण १४८ जनाको मृत्यु हुनुका साथै २०० भन्दा बढी घाइते भएको बताइएको छ।

# आत्मनिर्भर नेपालको मार्गचित्र

सत्य सुवाल

नेपाल इतिहास, संस्कृति, प्रकृति र अपार सम्भावनाले भरिएको सभ्यताको देश हो । हिमाल, पहाड र तराईको विविधता, अनेक जातजाति र संस्कृतिको सहअस्तित्व, धार्मिक सहिष्णुता र हजारौँ वर्ष पुरानो परम्पराले नेपाललाई विश्वमै विशिष्ट बनाएको छ । हाम्रो भूमि प्राकृतिक सुन्दरताले मात्र धनी छैन, यहाँको जनजीवन, श्रम संस्कार र सामाजिक सम्बन्ध पनि उत्तिकै समृद्ध छ । राजतन्त्रदेखि गणतन्त्रसम्मको यात्रा–पूरा भइसकेपछि पनि जनताले अपेक्षा गरेको समृद्धि, सुशासन र समान अवसर अझै पूर्ण रूपमा अनुभूत हुन सकेको छैन । यही कारणले व्यवस्था र अवस्थाबिच दूरी बढेको छ र यही दूरी घटाउनु आजको सबैभन्दा महत्त्वपूर्ण राष्ट्रिय जिम्मेवारी बनेको छ ।

आज देशभित्र गम्भीर प्रश्नहरू उठिरहेका छन् – विकासको गति किन सुस्त छ ? किन उत्पादनभन्दा उपभोग बढ्दो छ ? किन भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन ? किन युवाहरू बिदेसिन बाध्य छन् ? किन गाउँहरू रित्तिँदै र सहरहरू अव्यवस्थित रूपमा फैलिँदै छन् ? अब पुरानै ढाँचामा देश अगाडि बढ्न सक्दैन ।

सही नीति, अनुशासन र दृढ नेतृत्व भएमा छोटो समयमै परिवर्तन सम्भव हुन्छ । दक्षिण कोरियाले शिक्षा र उद्योगमार्फत गरिबीबाट उकासियो, सिङ्गापुरले सुशासन र पारदर्शिताबाट समृद्धि हासिल गऱ्यो । चीनले उत्पादन र पूर्वाधारमा क्रान्ति ल्यायो र भियतनामले कृषि र निर्यातबाट तीव्र विकास गऱ्यो । त्यसैगरी थाइलैन्ड, माल्दिभ्स/भियतनामले ले पर्यटनलाई अर्थतन्त्रको मेरुदण्ड बनाएर लाखौँ रोजगारी सिर्जना गरेका छन् । जापान र इटालीले आफ्नो कला, संस्कृति र सम्पदालाई आर्थिक शक्तिमा रूपान्तरण गरेका छन् ।

नेपालले पनि आफ्नो वास्तविक शक्ति चिन्नुपर्छ र त्यसलाई प्रयोग गर्नुपर्छ । यसको सुरुवात राजनीतिक स्थायित्व र सुशासनबाट हुन्छ । बारम्बार सरकार परिवर्तन हुँदा नीति अधुरा रहन्छन्, योजनाहरू कागजमै सीमित हुन्छन् । त्यसैले पारदर्शी, जवाफदेही र परिणाममुखी शासन आवश्यक छ ।

त्यसपछि देशलाई उत्पादनमुखी अर्थतन्त्रतर्फ लैजानु अत्यावश्यक छ । विदेशबाट सामान आयात गरेर मात्र अर्थतन्त्र बलियो हुँदैन । आफ्नै देशमा उत्पादन बढाउन सके रोजगारी सिर्जना हुन्छ, पैसा देशमै घुम्छ र आर्थिक आधार मजबुत बन्छ । कार्ल मार्क्सले श्रमलाई सम्पत्तिको आधार मानेका छन् र नेपाल मजदुर किसान पार्टीले अघि सारेको आत्मनिर्भरता र स्वदेशी उत्पादनको विचार पनि यही दिशामा महत्त्वपूर्ण देखिन्छ ।

कृषि क्षेत्रलाई आधुनिक बनाउनु जरुरी छ । सामूहिक खेती, प्रविधिको प्रयोग, राम्रो भण्डारण र बजार व्यवस्थापनले उत्पादन बढाउन सक्छ ।

ऊर्जा क्षेत्रमा जलविद्युत् नेपालको दीर्घकालीन शक्ति बन्न सक्छ । यसलाई सही ढङ्गले उपयोग गर्न सके देश आत्मनिर्भर मात्र होइन, निर्यातमुखी पनि बन्न सक्छ ।

पर्यटन नेपालको सबैभन्दा छिटो परिणाम दिने क्षेत्र हो । हिमाल, प्राकृतिक सौन्दर्य, धार्मिक स्थल र सांस्कृतिक विविधताले नेपाललाई विश्वकै आकर्षक गन्तव्य बनाउन सक्छ । यदि विदेशी ऋणमा निर्भर हुनुको सट्टा विदेशी पर्यटक भित्र्याउने नीति अपनाइयो भने देशमा विदेशी मुद्रा भित्रिन्छ, रोजगारी बढ्छ र स्थानीय अर्थतन्त्र बलियो हुन्छ । माल्दिभ्स/थाइलैन्डले यसबाट ठुलो लाभ लिएका छन् ।

यससँगै, स्थानीय कला, संस्कृति र सम्पदालाई संरक्षण गर्दै विकाससँग जोड्नुपर्छ । हस्तकला, जात्रा, परम्परा र सांस्कृतिक पहिचानलाई पर्यटनसँग जोड्न सके यसले संस्कृति जोगाउनुका साथै रोजगारी सिर्जना गर्छ । जापान र इटालीले यसलाई सफलतापूर्वक प्रयोग गरेका छन् ।

शिक्षा र स्वास्थ्य राष्ट्र निर्माणका आधार हुन् । यी क्षेत्रमा सोच परिवर्तन आवश्यक छ । शिक्षा केवल प्रमाणपत्र दिने माध्यम होइन, यो सीप, नैतिकता र जिम्मेवारी विकास गर्ने माध्यम हुनुपर्छ । त्यसैले प्राविधिक र नैतिक शिक्षामा विशेष जोड दिनुपर्छ । स्वास्थ्य क्षेत्रमा पनि अस्पताल निर्माण मात्र पर्याप्त हुँदैन; स्वस्थ जीवनशैली, स्वच्छ वातावरण, पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिनु अझ महत्त्वपूर्ण हुन्छ । रोग लागेपछि उपचार गर्नेभन्दा रोग लाग्न नदिने प्रणाली प्रभावकारी हुन्छ ।

शिक्षा र स्वास्थ्य सेवा सबैका लागि सुलभ वा चरणबद्ध रूपमा निःशुल्क बनाउने लक्ष्य राज्यले लिनुपर्छ । यसको लागि स्रोत व्यवस्थापन–भ्रष्टाचार नियन्त्रण, अनावश्यक खर्च कटौती, उत्पादन र पर्यटनबाट आएको आम्दानी, जलविद्युत्बाट प्राप्त आय र कर प्रणाली सुधार महत्त्वपूर्ण हुन्छ । नेल्सन मन्डेलाले शिक्षा परिवर्तनको सबैभन्दा शक्तिशाली माध्यम भएको बताएका छन् ।

यी सबै सुधारहरू योजनाबद्ध र क्रमिक रूपमा लागू गर्नुपर्छ । कार्ल पप्परले भनेझैँ सुधार सोचेर, परीक्षण गरेर अघि बढाउनुपर्छ ।

यी परिवर्तनहरू केन्द्रबाट मात्र होइन, स्थानीय तहबाट सुरु गर्नुपर्छ । गाउँपालिका, नगरपालिका र वडास्तरबाट नै उत्पादन, सरसफाइ, स्वास्थ्य जीवनशैली, स्थानीय रोजगार र सांस्कृतिक संरक्षणको काम सुरु गरियो भने यसको प्रभाव छिटो देखिन्छ र जनताको सहभागिता पनि बढ्छ । स्थानीय सरकार बलियो भए मात्र राष्ट्र बलियो हुन्छ ।

अतः, नेपाललाई अब भाषण होइन काम चाहिएको छ । यदि सुशासन कायम गरियो; उत्पादन बढाइयो; पर्यटन प्रवर्द्धन गरियो; संस्कृति संरक्षण गरियो; शिक्षा र स्वास्थ्यलाई व्यवहारिक बनाइयो र स्थानीय तहबाटै काम सुरु गरियो भने नेपाल समृद्ध बन्न सक्छ ।

अब समय आएको छ -

*विदेशी सहयोग खोज्ने होइन, विदेशी पर्यटक आकर्षित गर्ने,*
*युवालाई विदेश पठाउने होइन, देशमै अवसर सिर्जना गर्ने,*
*संस्कृतिलाई जोगाउने मात्र होइन, त्यसलाई आर्थिक शक्तिमा रूपान्तरण गर्ने,*
*स्वास्थ्यका लागि अस्पतालमा मात्र होइन, स्वस्थ जीवनशैली र स्वच्छ वातावरणमा ध्यान दिने,*
*शिक्षालाई प्रमाणपत्रमा होइन, सीप र नैतिकतामा केन्द्रित गर्ने,*
*र विकासलाई नारामा होइन, व्यवहारमा उतार्ने,*

अति आवश्यकबाहेक विदेशी सामानमा निर्भरता घटाउने, बिलासी वस्तुको आयात नियन्त्रण गर्ने र आफ्नै उत्पादन अलि महँगो भए पनि प्रयोग गर्ने बानी बसाल्ने ।

नेपालको भविष्य अरू कसैले बनाइदिने होइन–हामी आफैँले निर्माण गर्ने हो ।

जब गाउँदेखि सहरसम्म, स्थानीय तहदेखि केन्द्रसम्म, नीति र व्यवहार एउटै दिशामा अघि बढ्छन्–त्यस दिन नेपाल परिवर्तनको बाटोमा दृढतापूर्वक उभिनेछ ।

त्यो बाटो आत्मनिर्भरता, श्रमको सम्मान, उत्पादनको विस्तार, पर्यटनको विकास, सांस्कृतिक सम्पदाको संरक्षण र सबै नागरिकका लागि समान अवसर सुनिश्चित गर्ने जनउत्तरदायी राज्यतर्फ जाने बाटो हुनेछ ।

# आर्थिक र सामाजिक-सांस्कृतिक पुनर्जागरणको वर्ष बनोस् नयाँ वर्ष २०८३

कृष्णप्रसाद लामिछाने

२०८२ सालको अन्त्यसँगै २०८३ सालको आगमन पात्रो फेरिने सामान्य औपचारिकता मात्र होइन; यो नयाँ आशा, नवीन विश्वास र असीम सम्भावनाहरूले भरिएको यात्राको मधुर आरम्भ हो । समयको यो मोडमा उभिँदा हामीले विगतका अनुभवहरूबाट सिक्दै भविष्यतर्फ सन्तुलित, सचेत र सकारात्मक दृष्टिले अघि बढ्नुपर्ने आवश्यकता झन् स्पष्ट रूपमा महसुस भएको छ ।

नेपाल एक भौगोलिक सीमाभित्रको राष्ट्र मात्र होइन; यो पूर्वीय सभ्यता र संस्कृतिको समृद्ध उद्गमस्थल हो । वेदका रचयिता महर्षि व्यासको जन्मभूमिको रूपमा परिचित यो भूमि ज्ञान, दर्शन र आध्यात्मिकताको उज्यालोले आलोकित छ । यहाँको माटोमा इतिहास, पहिचान र सभ्यताको गहिरो गर्व लुकेको छ, जसले नेपाली समाजलाई विशिष्ट बनाएको छ ।

प्रकृतिले पनि नेपाललाई अद्वितीय रूपमा समृद्ध बनाएको छ । जल, जमिन, हावापानी, खनिज, जडीबुटी र प्राकृतिक सुन्दरताको दृष्टिले नेपाल विश्वकै धनी राष्ट्रहरूमध्ये एक हो । हिमालदेखि तराईसम्म फैलिएको विविधता, जैविक सम्पदा र प्राकृतिक स्रोतहरू देशको आर्थिक समृद्धिको बलियो आधार बन्न सक्ने क्षमता राख्छन् । तर, विडम्बना के छ भने - यी सबै सम्भावना हुँदाहुँदै व्यवस्थापकीय कमजोरी, दूरदृष्टिको अभाव र स्रोतको समुचित उपयोग नहुँदा 'सबै भएर पनि केही छैन' भन्ने अनुभूति आम नागरिकमा व्याप्त हुन पुगेको छ ।

त्यसैले, अबको आवश्यकता भनेको उपलब्ध स्रोत र सम्भावनालाई सही दिशा दिने स्पष्ट दृष्टिकोण र व्यवहारिक अभ्यास हो । कृषि, पर्यटन, जडीबुटी, साना तथा घरेलु उद्योगजस्ता क्षेत्रहरूलाई व्यवस्थित गर्दै आत्मनिर्भर अर्थतन्त्रको आधार निर्माण गर्न सकिन्छ । स्थानीय उत्पादनको प्रवर्द्धन, श्रमप्रतिको सम्मान र उद्यमशीलताको विकासमार्फत आर्थिक समृद्धिलाई दिगो बनाउने बाटो खोल्न सकिन्छ ।

यससँगै, सामाजिक आत्मीयता र सांस्कृतिक पुनर्जागरण पनि उत्तिकै अपरिहार्य छ । आजको नेपाली समाजको एक प्रमुख चुनौती भनेको परिवार विखण्डन र सम्बन्धहरूबिच बढ्दो भावनात्मक दूरी हो । आधुनिक जीवनशैली, व्यस्तता र वैदेशिक रोजगारीको प्रभावले पारिवारिक एकता कमजोर हुँदै गएको छ । हजुरबा-हजुरआमा र नाति-नातिनाबिचको आत्मीय सम्बन्ध, दाजुभाइ-दिदीबहिनीबिचको स्नेह र समुदायबिचको सहकार्य क्रमशः क्षीण हुँदै गएको अनुभूति हुन्छ ।

चाडपर्वहरू, जुन नेपाली जीवनशैलीका आत्मा हुन्, आज धेरैका लागि औपचारिकतामा सीमित हुन थालेका छन् । पहिलेजस्तो सामूहिकता, मेलमिलाप र आत्मीयता घट्दै गएको छ । यस्तो अवस्थामा हाम्रो मौलिक संस्कार, परम्परा र सांस्कृतिक मूल्यहरूको संरक्षण र प्रवर्द्धन अत्यन्त आवश्यक छ । संस्कृतिको जगेर्ना परम्परा जोगाउने कुरा मात्र होइन; यो सामाजिक एकता, पहिचान र मानसिक सन्तुलनको आधार पनि हो ।

अबको नयाँ वर्षले यस्तो अवस्थाको सुधारतर्फ मार्ग प्रशस्त गरोस् - जहाँ परिवारहरू फेरि नजिक होऊन्, सम्बन्धहरूमा आत्मीयता बढोस् र समाजमा आपसी विश्वास तथा सहकार्य सुदृढ बनोस् । युवाहरूले आफ्नै देशमा सम्भावना देखून्, आफ्नै माटोमा श्रम र सिर्जनशीलताको मूल्य पहिचान गरून् र स्वाभिमानी जीवनशैलीतर्फ अग्रसर होऊन् ।

अन्ततः २०८३ साल केवल नयाँ वर्ष होइन - यो आत्ममूल्याङ्कन, नवचिन्तन र नवआरम्भको अवसर हो । आर्थिक समृद्धि, सामाजिक एकता र सांस्कृतिक पुनर्जागरणलाई सँगसँगै अघि बढाउन सके मात्र समुन्नत र सन्तुलित समाज निर्माण सम्भव छ ।

नयाँ वर्ष २०८३ को हार्दिक शुभकामना !

यो वर्षले हरेक नेपालीको जीवनमा आशा, सद्भाव र सफलताको उज्यालो ल्याओस् ।

# थातथलो सजाउँदै, पर्यटक लोभ्याउँदै तनहुँ

वासुदेव पौडेल

गण्डकी । बाबुबाजेकै पालाका घर तथा वस्तीहरू चिटिक्क सजाएझैँ देखिन्छन् । तनहुँको भानु नगरपालिका-९ चितीखोलामा पुराना शैलीका घरहरूसँगै चोक तथा बाटाहरू सफासुग्घर छन् । घर वरपर करेसाबारीमा लगाइएको तरकारीसँगै त्यहाँको हरियाली तथा फलफूलहरूका कारण सौन्दर्यता अझै थपिएको छ । प्राचीनकालमा बौद्धिक चेतना भएका व्यक्तिहरूको बसोबास भएकै कारण गाउँको नाम नै चिती खोला भएको बुढापाकाको तर्क छ ।

प्राकृतिक रूपमा सुन्दर यस गाउँमा पर्यटकलाई लक्षित गरी घरवास सञ्चालनमा ल्याइएको छ । ग्रिनहिल भिलेज सामुदायिक होमस्टे परिवारका रूपमा यहाँका २१ वटा घर समेटिएका छन् । स्थानीय संस्कार संस्कृतिको जगेर्नासँगै आफ्नो थातथलोको संरक्षणको उद्देश्यका साथ यहाँका स्थानीयले २०७६ सालदेखि घरवास सञ्चालनमा ल्याएको ग्रिनहिल भिलेज सामुदायिक होमस्टे परिवारका पूर्वअध्यक्ष कल्पना सारु मगरले जानकारी दिनुभयो ।

यहाँको घरवासका लागि स्थानीयको जागरुकता त छँदैछ राज्यको पनि लगानी परेको छ । सुरुमा घरवासका लागि गण्डकी प्रदेश सरकारबाट रु. १० लाख बजेट विनियोजन भएकामा त्यसपछि विभिन्न चरणमा गरी थप सहयोग पनि प्राप्त भएको उहाँले जानकारी दिनुभयो । मगर जातिको बाहुल्यता रहेको यस ठाउँमा मगर, दूरा, तामाङ, बाहुनहरूको बाहुल्यता रहेको छ । यहाँका घरवासमा घरहरू अनुसार शुद्ध शाकाहारीदेखि मांसाहारी सबैका लागि बस्न पाउने व्यवस्था समेत रहेको छ ।

घरवासमा आउने पर्यटकका लागि एक हजार २५० रूपैयाँको प्याकेज निर्धारण गरिएको छ । उक्त प्याकेजमा बेलुका लोकल कुखुराको मासुसहितको खाना, बिहान कोदोको सेल, तरकारीसहितको खाजा रहेको उहाँले जानकारी दिनुभयो । चिती खोलामा ठुलै लगानी खर्चिएर ग्रीन हिमालय फार्म स्टे पनि सञ्चालन गरिएको छ । आफ्नो थातथलोमा नै केही गर्नुपर्छ भन्ने उद्देश्यका साथ यहाँको पाण्डे परिवारले विगत चार वर्षयता फार्म स्टे सञ्चालनमा ल्याएको हो । उहाँहरूले कुल ७० रोपनी क्षेत्रफलमध्ये १० रोपनी क्षेत्रमा फार्म स्टे तथा ६० रोपनी क्षेत्रमा फार्म क्षेत्र सञ्चालन गरिहनुभएको छ ।

यहाँ आउने पर्यटकलाई फार्ममा नै उत्पादन भएको तरकारी तथा यामअनुसारका फलफूल खुवाउने गरिएको फार्म स्टेका सञ्चालक गीता अधिकारी पाण्डेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामी सुरुमा बजारबाट गाउँमा फर्कदा भने व्यावसायिक सोचका साथ आएका थिएनौँ । उत्पादनको बजारीकरण र उपयोग पनि यहीँ नै होस् भन्ने उद्देश्यसँगै यो फार्म स्टे सञ्चालनमा ल्याएका हौँ ।"

फार्म स्टेमा हाल छ जनाले नियमित रोजगारी पाएका छन् भने आवश्यकता अनुसार अन्य सात आठ जनासम्मले थप रोजगारी पाएको उहाँले जानकारी दिनुभयो । फार्म स्टेमा पुरानो कलात्मक घरलाई साजसज्जा गरेर चिटिक्क सजाइएको छ । परम्परागत ग्रामीण परिवेशको झल्को दिने किसिमका संरचनाहरू निर्माण गरिएका छन् ।

लिचीको बोटले ढकमक्क ढाकिएको ट्रि हाउस, परम्परागत घुमाउने घर (ढिकी जाँतो, हलो जुवाजस्ता परम्परागत सामग्री राखिएको) आदिका कारण यहाँ आउने पर्यटकहरू रमाउने गरेका छन् । माटाको गारो, माटाले नै पोतेर सजाइएका घरका कारण पर्यटकले ग्रामीण संस्कृति तथा परिवेशको छुट्टै अनुभूति गर्ने गरेका छन् ।

लगानी, पूर्वाधार, सेवा सुविधासमेतका कारण फार्म स्टेको बसाइँ होमस्टेभन्दा अलि खर्चिलो छ । फर्म स्टेमा आएका पर्यटकलाई त्यहाँ पुग्नासाथ मोही, मकै, चिया सहितको खाजा खुवाउने गरिएको छ भने बेलुका लोकल कुखुराको मासुसहित खाना खुवाइन्छ । भोलिपल्ट बिहान अण्डा, तरकारी, कोदो फापरको रोटी आदिको नास्ता खाने व्यवस्था मिलाइएको छ । फार्म स्टेमा बस्नका लागि प्रतिव्यक्ति दुई हजार पाँच सय रूपैयाँ र दुई जना संयुक्त रूपमा आएमा चार हजार पाँच सय रूपैयाँ निर्धारण गरिएको छ । ठुलै समूहमा आएका अवस्थामा उक्त दररेटमा केही सहुलियतको व्यवस्था छ ।

फार्म स्टेमा दैनिक ३० जनालाई सहजै रूपमा बस्न सकिने व्यवस्था मिलाइएको पाण्डेले जानकारी दिनुभयो । थातथलोको संरक्षणसँगै यसको पर्यटकीय उपयोगका साथै कृषि पर्यटनका कारण पनि यो ठाउँ राम्रै गन्तव्य बन्न सक्ने देखिएको छ । कृषिप्रतिको बढ्दो अनिच्छासँगै जग्गाहरू बाँझिँदै गएका अवस्थामा यहाँका अगुवा कृषक वासुराज कडरियाले गर्नुभएको एकीकृत कृषि फार्मबाट पनि यहाँ आउने पर्यटकले धेरै जान्न, बुझ्न र अनुभव गर्न पाउँछन् । कडरिया एकीकृत कृषि फार्मका रूपमा कुल २७ रोपनी क्षेत्रफलमा फैलिएको उहाँको फार्ममा एकै स्थानमा कृषिका विविधतासँगै सम्भावनालाई प्रत्यक्ष अवलोकन गर्न पाइन्छ ।

शिक्षण पेशामा लामो समय बिताउनुभएका कडरियाले आफू पेशामा रहँदैदेखि सुरु गरेको कृषिकर्मलाई सेवानिवृत्त जीवनमा अझै सक्र्यताका साथ व्यवस्थित गराउँदै लैजानुभएको हो । उहाँको फार्ममा पशुपालन, कुखुरापालन, तरकारी तथा फलफूल खेतीहरू एकै साथ गरिदै आइएको छ । सुरुमा चार सय बोट सुन्तला र एक हजार छ सय बोट कफीबाट सुरु गरिएको व्यावसायिक कृषिले उहाँलाई अन्ततः सफल कृषि व्यवसायी बनाएको हो ।

सुरुका वर्षहरूमा सुन्तला राम्रै उत्पादन भए पनि २०५२/५३ सालदेखि सुन्तलामा रोग लाग्न थालेपछि त्यसको विकल्पमा केरा, अदुवा खेती आदि गर्न थाल्नुभएको छ । उहाँको फार्ममा २५० बोट मेवा रहेका छन् भने ताइबान अम्बा एक सय बोट लगाइएको छ । फार्ममा परीक्षणका लागि ९० बोट बोधिचित्त पनि लगाइएको छ । फार्ममा नासपति, आरु, लिची, कटहर, भूइँकटहर, आरु, कागती, किबीलगायत विभिन्न ५० प्रजातिका फलफूल लगाइएको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै, मौरीपालनदेखि पशुपालनसम्मका विविध कृषिका प्रयोग जान्न बुझ्न चाहनेका लागि यो राम्रै पाठशाला बनिरहेको छ । पछिल्लो समयमा एकीकृत कृषिका विविधताको अवलोकनका लागि ठाउँठाउँबाट हेर्न र बुझ्न आउने क्रम पनि बढिरहेको छ । चिती खोला आउने पर्यटकले उक्त फार्ममा उत्पादित ताजा फलफूल तथा तरकारी किनेर लैजान समेत सक्छन् ।

बाँझो जग्गाको उपयोगका साथै त्यसलाई पर्यटकीय रूपमा उपयोग गर्न यहाँका स्थानीयले गाउँमा नक्षत्र बाटिकाका नाममा रमणीय पार्क पनि बनाएका छन् । यहाँको करिब पाँच रोपनी क्षेत्रफलमा चियाका बोटसँगै २७ वटै नक्षत्रका बोटहरू लगाइएको छ । प्रत्येक नक्षत्र वृक्षको फेदमा नक्षत्रमा पर्ने नामहरूसमेत उल्लेख गरेर सानो परिचयात्मक बोर्ड राखिएको छ । आफ्नो नक्षत्र पर्नेहरू उक्त बोर्ड देखिने गरी तस्वीर खिच्ने गरेका छन् ।

बागेश्वरी सामुदायिक बन उपभोक्ता समितिअन्तर्गत रहेको बाटिकामा रहेको चिया बगानले इलामकै झल्को दिने गरेको छ । यहाँ लगाइका चियाका बोटले यस क्षेत्रमा चिया खेतीको समेत सम्भावना छ भन्ने कुरालाई उजागर गरेको स्थानीयवासी एवम् पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले बताउनुभयो ।

बाटिका परिसरमा पाचीन शिव मन्दिर, पुराना बन काफलका बोटलाई पनि संरक्षण गरेर राखिएको छ । पर्यटकलाई लक्षित गरी स्थानीयले गाउँ माथिको जङ्गलमा पदमार्ग पनि बनाएका छन् । जङ्गलमा पदयात्रा गर्दा सफारीकै झल्को आउने स्थानीयले बताए । करिब डेढ घण्टा जङ्गल सफारी हुँदै चन्दनी डाँडासम्म पुग्न सकिन्छ । त्यहाँस्थित चन्दनी डाँडा हुँदै कोट पुगिन्छ । नेपालका बाइसे चौबिसे राजाको पालाको कोटका रूपमा रहेको यो स्थानसँगै यसैको तल रहेको ठुलो पहरोलाई 'रक क्लाइम्बिङ' को गन्तव्यका रूपमा विकास गर्न सक्ने देखिएको छ ।

गाउँको सिरानमा रहेको कोटका साथै धार्मिक रूपले प्रसिद्ध थानीमाई मन्दिर पनि यही बाटो भएर जाने भएकोले यस ठाउँलाई धार्मिक पर्यटनसँग पनि जोड्न सकिने देखिएको छ । यहाँबाट सवारी साधन हुँदै एक घण्टामा थानी माई मन्दिर पुग्न सकिन्छ । गाउँ नजिकै रहेको चन्द्रेखोला झरनालाई पनि स्थानीयले पर्यटकीय रूपमा उपयोग गर्ने योजना बनाएका छन् । पृथ्वी राजमार्गको डुम्रेबाट अर्चलधारा हुँदै कुल २१ किलोमिटर दूरीमा रहेको यो ठाउँ मध्यपहाडी लोकमार्गअन्तर्गत पाउँदीबाट तीन किलोमिटर दूरीमा रहेको छ ।

पछिल्ला समयमा विभिन्न स्थानबाट समूहगत रूपमा पर्यटकहरू यहाँ पुग्ने गरेका छन् । हालै इम्ब्रोइडरी एण्ड गार्मेन्ट्स एशोसिएसन (एगा) पोखरामा आवद्ध पर्यटन व्यवसायीहरूले उक्त क्षेत्रको प्रवर्द्धनात्मक भ्रमण गरेका छन् । भ्रमणका क्रममा पर्यटकीय रूपमा चितीखोला धेरै सम्भावनायुक्त स्थल भएको आफूहरूले पाएको एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालले बताउनुभयो । उहाँले भन्नुभयो, "परम्परागत थातथलोलाई संरक्षण गर्दै त्यसको पर्यटकीय उपयोग गर्ने विषय धेरै राम्रो लाग्यो । हामीले हाम्रा प्रकृति र संस्कृतिसँगै त्यहाँका हरेक सम्भावनालाई पर्यटकीय रूपमा उपयोग गर्न सकिन्छ ।"

कृषिजन्य उत्पादनलाई पनि पर्यटनसँग जोड्न सकिने विषय यहाँस्थित फार्म स्टे, एकीकृत कृषिफर्म, नक्षत्रबाटिका आदिबाट पनि सिक्न सकिने बताउँदै उहाँले यो सिकाइ अन्य स्थानका लागि पनि प्रेरणाको स्रोत बन्ने बताउनुभयो । प्रकृति र संस्कृतिको अधिकतम् उपयोग गर्दै गाउँ पर्यटनलाई अघि बढाउन सकिने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने बताउनुहुन्छ । गाउँ पर्यटनको विकाससँगै त्यहाँका कृषिजन्य उत्पादन पनि प्रत्यक्ष रूपमा पर्यटनसँग जोडिने उहाँको भनाइ छ । ***रासस***

मजदुर
२९ चैत, २०८२ (12 Apr., 2026)


# सरकारले गर्ने गलत निर्णय र कार्यको विरोध गरी जनतालाई सुसूचित गर्नुपर्ने




भक्तपुर, २८ चैत । नेपाल मजदुर किसान पार्टी वडा नं. ३ एकाइ समितिको आयोजनामा शनिबार नयाँ वर्षको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले हरेक नागरिकले देशप्रति माया गर्नुपर्छ भन्ने कुरा इरानबाट पाठ सिक्नुपर्ने आवश्यकता औँल्याउँदै नेमकिपाको उद्देश्य देश र जनताको सेवा गर्नु हो भन्नुभयो ।

नेमकिपाले जनतासँग सिद्धान्त, विचार र घोषणापत्रको आधारमा मत मागेको उल्लेख गर्दै उहाँले पुरानै सरकारको गतिविधिलाई निरन्तरता दिने हो भने नयाँ सरकारको के अर्थ रह्यो भनी प्रश्न गर्नुभयो ।

भदौ २३ र २४ गतेको घटनाबारे छानबिन गर्न गठित जाँचबुझ आयोगले २३ गतेको मात्रै पेस गरिएको प्रतिवेदन न्यायपूर्ण नभएको उल्लेख गर्दै उहाँले सरकारले गर्ने गलत निर्णय र कार्यको विरोध गरी जनतालाई सुसूचित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

राजनीतिक नेता तथा कार्यकर्ताले अराजकतावादी गतिविधिको खण्डन गर्नुपर्ने उल्लेख गर्दै उहाँले कार्यकर्ताहरूमा जीउभरि आँखा हुनुपर्छ भन्नुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका प्रतिनिधि पुरुषोत्तम तमखुले आफ्नो सभ्यता, संस्कृति र देश बचाउन अमेरिका र इजरायसामु इरान नझुकेको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष राजसुन्दर खाताखोको सभापतित्वमा भएको सो कार्यक्रममा राजकृष्ण गोरा, रामहरि गोरा, सुनिता अवाल, राजु अवाल र रामकृष्ण त्वायनाले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# सांस्कृतिक गतिविधिले नयाँ पुस्तालाई सुसंस्कृत बनाउन सहयोग पुऱ्याउने

भक्तपुर, २८ चैत । चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजले शनिबार नेपाल संवत् ११४६ को अवसरमा आयोजित न्हुदँया भिन्तुना ज्यालीका सहयोगीहरूलाई धन्यवाद ज्ञापन तथा कदरपत्र वितरण कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले मानव समाज विकासको सुरू सुरूमा गुफाका भित्तामा चित्र लेखेर लेखन सुरू गरेको चर्चा गर्दै सांस्कृतिक गतिविधिले नयाँ पुस्तालाई सुसंस्कृत बनाउन सहयोग पुऱ्याउने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "अमेरिकाले दोस्रो विश्व युद्धमा जापानको हिरोसिमा र नागासाकीमा बम खसालेर संसारलाई डर देखाएको हो । अमेरिकाले इरानको सभ्यता नष्ट गरेर ढुङ्गेयुगमा पुऱ्याउने धम्की दिएपछि इरानी जनता आफ्नो देशको झन्डा बोकेर बिजुली उत्पादन गर्ने आणविक प्लान्ट, पुललगायतका भौतिक संरचना संरक्षण गर्न सडकमा ओर्लिएर देशभक्तिपूर्ण भूमिका निर्वाह गर्नुभएको हो । यसबाट नेपाली जनताले पनि सिक्नु आवश्यक छ ।"

सचिव सुवालले भन्नुभयो, "संरा अमेरिकाले सार्वभौम देश भेनेजुयलाका राष्ट्रपति मडुरो दम्पतीलाई अपहरण गऱ्यो । लिबिया र इराकमा पनि त्यहींका मान्छेलाई उक्साएर मुअम्मर गद्दाफी र सद्दाम हुसेनको प्रशासन उल्टायो । यतिखेर इरानले ट्रम्प प्रशासनलाई जवाफ दिँदै छ । नेपाली जनता सचेत हुनु आवश्यक छ ।"

नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजको गतिविधिबाट चाँगुका जनतामा नेपालभाषा, संस्कृति र आफ्नो सम्पदाप्रति चासो बढेको उल्लेख गर्दै मौलिक सांस्कृतिक वाद्यवादन जगेर्ना गर्न चाँगुका जनता सचेत हुनु जरूरी रहेको बताउनुभयो ।

उहाँले सरकारले दिएको दुई दिनको बिदाले जनताको शिक्षा-स्वास्थ्यमा गम्भीर असर पर्ने बताउनुभयो ।

चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजका पूर्वअध्यक्ष मिनबहादुर बाटाले संस्कृति जगेर्नाका साथै देशको सार्वभौमिकता रक्षा गर्ने विषयलाई पनि नेपाली जनताले निरन्तर उठाउनु जरूरी रहेको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष रामकृष्ण लिगलको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टी चानपा ५, छालिङका अध्यक्ष रत्नबहादुर ह्यौंमिखा, सूर्यबहादुर फोजू र सानुमाया लागेजूले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विभिन्न दाफा भजन समूह र सहयोगीहरूलाई कदरपत्र वितरण गरिएको थियो ।

**देशमा...**

उहाँले सभ्य, सुसंस्कृत तथा अनुशासित युवाले मात्र समाज परिवर्तन गर्नसक्ने चर्चा गर्दै नयाँ पुस्ता गलत बाटोमा लाग्नबाट जोगिन जरूरी रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष जगतराम धुख्वाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा श्याम बासुकला, निरूता गोरालगायतले मन्तव्य राख्नुभएको थियो ।

# लिशा स्कूलमा दीक्षान्त समारोह, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम




भक्तपुर, २८ चैत । लिशा इङ्गलिस सेकेन्डरी स्कूलको ३७ औं वार्षिकोत्सवको अवसरमा प्रि-स्कूल दीक्षान्त समारोह, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम शनिबार ब्रह्मायणी पार्टी प्यालेसमा सम्पन्न भयो ।

उक्त समारोहको उद्घाटन वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले बाँसुरीको धुनमा एक समारोहबिच गर्नुभयो ।

विद्यालय ज्ञान र सिकाइको मन्दिर भएको उल्लेख गर्दै उहाँले आफ्ना सन्तानलाई मायाले जित्नुपर्छ, सिकाउनुपर्छ र सुसूचित पार्नुपर्छ भन्नुभयो ।

आफ्ना बालबालिकाले समाजमा भए गरेका घटनाको नक्कल गर्ने हुँदा गलत सन्देश जाने खालको कार्य गर्न नहुने उल्लेख गर्दै उहाँले शिक्षाको जिम्मा सरकारले लिनुपर्ने बताउनुभयो ।

शिक्षा उत्पादन श्रम र सीपसँग जोड्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले धेरै बिदा दिनुभन्दा गुणस्तरीय शिक्षा दिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले कम शुल्कमा गुणस्तरीय शिक्षा दिएर लिशा स्कूलले शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान गरिरहेको बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ पुस्ताको उज्ज्वल भविष्य बनाउनु हाम्रो जिम्मेवारी रहेको उल्लेख गर्दै आफूले श्रम गरेर सन्तानलाई शिक्षा दिने कार्य प्रशंसनीय छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाले संस्थागत र सार्वजनिक विद्यालयलाई सँगसँगै लाने उद्देश्य राखेको उल्लेख गर्दै उहाँले समाजवादी व्यवस्थामा नि:शुल्क शिक्षाको व्यवस्था हुन्छ भन्नुभयो ।

सकारात्मक पक्षलाई निरन्तरता दिने र कमी कमजोरी औँल्याएर समस्या समाधान गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले हरेक अभिभावक सन्तानसँगै बस्ने वातावरण आवश्यक छ भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य विष्णुगोपाल कुसीले वैशाख १५ गतेदेखि भर्ना अभियान, वैशाख २१ गतेदेखि कक्षा सञ्चालन र शनिबार र आइतबार दुईदिने बिदा व्यवहारिक नभएको स्पष्ट पार्नुभयो ।

सरकारले बिदैबिदाको चाड थपेर कस्तो शिक्षा प्रणाली ल्याउन खोजेको हो भन्दै उहाँले शिक्षा र संस्कार आजको आजै परिवर्तन हुँदैन भन्नुभयो ।

आफ्ना सन्तानलाई स्वतन्त्रताको नाउँमा जस्तो गल्ती र अपराध गरे पनि छोड्न नहुने उल्लेख गर्दै उहाँले कक्षा ५ सम्म परीक्षा लिन नपर्ने व्यवस्था पनि व्यवहारिक नभएको बताउनुभयो ।

मानिसहरू जन्म, कर्मले मात्र होइन गुणले पनि ठुलो हुनुपर्नेमा जोड दिँदै असल अभिभावक, असल शिक्षकले असल विद्यार्थी तयार हुने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् समारोहका सभापति बलराम प्रजापतिले सानो पाइलाबाटै सुन्दर उपलब्धि पाउने उल्लेख गर्दै विद्यार्थीहरू दीक्षित हुनु शिक्षा अध्ययनको नयाँ यात्रा सुरु गर्नु हो भन्नुभयो ।

विद्यालयका प्रिन्सिपल लिशा प्रजापतिले विद्यालयले गरेका विभिन्न गतिविधि र कार्यक्रमबारे जानकारी दिँदै आर्थिक अवस्था नाजुक भएका र उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिरहेको बताउनुभयो ।

अभिभावकको तर्फबाट किरण गुजले विद्यालयले गरिरहेको सेवाको सराहना गर्दै आफ्नो अनुभव सुनाउनुभयो ।

प्रि-स्कूलका इन्चार्ज नारायणी खोजुले दीक्षान्त समारोह, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम मेहनतको सिकाइ र सफलताको उत्सव पनि हो भन्नुभयो ।

समारोहमा अतिथि सैंजूले दीक्षित ६१ जना विद्यार्थीलाई प्रमाणपत्र प्रदान गर्नुभयो ।

त्यस्तै, अतिथिद्वय ज्याख्व र कुसीले पनि उत्कृष्ट विद्यार्थीलाई मेडल प्रदान गर्नुभयो ।

प्राप्त जानकारीअनुसार प्रि-स्कूल तहमा २४४ जना विद्यार्थी अध्ययनरत छन् ।

**हार्दिक समवेदना**



जन्म
१९९३।०२।१८

निधन
२०८२।१२।१९

यशोधरा योग पीठ, भ.न.पा. वडा नं.१ दूधपाटी, भक्तपुरमा अवस्थित सिद्धपोखरी पार्टी प्यालेसभित्र सञ्चालित योगका गुरु प्रचण्ड कारंजित, सुश्री सीता कारंजित एवं सुनिल कारंजितकी ममतामयी माता **नारायणलक्ष्मी कारंजित**को दु:खद निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**यशोधरा योग पीठ परिवार**
दूधपाटी-१, भक्तपुर

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**आधारभूत कम्प्युटर तालिमसम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२।१२।२९ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा आधारभूत कम्प्युटर तालिम सञ्चालन हुने भएकोले इच्छुक एस.ई.ई. वा सो सरह उत्तीर्ण नगरवासीहरूले १५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा, कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत जानकारीको लागि आ-आफ्नो वडा कार्यालयहरूमा सम्पर्क गर्नुहोला ।

**नोट**:
• निवेदन फाराम सम्बन्धित वडा कार्यालयहरूमा उपलब्ध गराइनेछ ।
• फाराम तथा टिकट दस्तुर रू.११०।- लाग्नेछ ।
• मासिक शुल्क रू.५००।– लाग्नेछ ।
• निवेदनका साथ नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
• तालिम हुने समय बिहान ७:०० बजेदेखि ८:३० बजेसम्म ।

स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।

❖ सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
❖ दैनिक शारीरिक व्यायाम गरौं,
❖ स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
❖ खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
❖ नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
❖ मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
❖ सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
❖ नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा